# जनप्रकाश दर्पण-२०८१

## बार्षिक प्रतिबेदन

### आ.ब. २०८०/०८१



## जनप्रकाश बहुमुखी क्याम्पस


पोखरा महानगर पालिका वडा नं २९ कास्की

०६१-५६१३७८, ९८५६०६१३७८

स्थापना २०६२।०४।२६

E-mail: info@janaprakash.edu.np
Website: Janaprakash.edu.np

# जनप्रकाश दर्पण - २०८१

**संरक्षक**

जनप्रकाश बहुमुखी क्याम्पस

**संयोजन**

जनप्रकाश बहुमुखी क्याम्पस

क्याम्पस प्रशासन

**प्रकासक**

**जनप्रकाश बहुमुखी क्याम्पस**

पोखरा महानगरपालिका - २९, भण्डारढिक, कास्की

फोन नं ०६१-५६१३७८,

www.janaprakash.edu.np

Email: info@janaprakash.edu.np

**जनप्रकाश बहुमुखी क्याम्पस**
पोखरा महानगरपालिका - २९, भण्डारढिक, कास्की
फोन नं ०६१-५६१३७८,
www.janaprakash.edu.np
Email: info@janaprakash.edu.np

**वार्षिक प्रतिवेदन २०७९/०८०**
प्रति १५०
प्रकाशन मिति : २०८१/०६/२०
क्याम्पस संचालक समितिबाट अनुमोदन मिति २०८०/०६/२

मुद्रण: सुवाणी अफ्सेट प्रेस, नयाँबजार, पोखरा
फोन नं ०६१-५७३२८२

# प्रकाशकीय

जनप्रकाश बहुमुखी क्याम्पसको नवौ संस्करण लिएर आउन पाउदा हामीलाई अत्यन्त हर्षको अनुभूती भएको छ। यस अंकमा हामीले क्याम्पसको ऐतिहासिक पृष्ठभूमि देखी दुर भविष्यका धेरै संम्भाबनाहरुलाई समेटने अवसर पाएका छौ । यो संस्करण नै पूर्ण होईन । धेरै समेटन पर्ने कुराहरु छुटेका छन तिनलाई आगामी संस्करणमा समेटने छौ । भविष्यमा पनि प्रत्येक बर्ष यो कार्यलाई निरन्तरता दिने छौ ।

जनप्रकाश बहुमुखी क्याम्पस न्यून शुल्कमा गुणस्तरीय र समयानुकुलको शिक्षा दिने लक्ष्य र उद्देश्य लिएर स्थापना भएको हो । क्याम्पसले प्रत्येक बर्ष गुणस्तरमा बृद्धि, संख्यात्मक बृद्धि र भौतिक संरचना बिकास गरिरहेको छ । आफ्नो स्वामित्वमा रहेको भवनलाई दुई तला थप निर्माण गरी ४ तलाको बनाईने लक्ष्य राखिएको छ। हाल सम्म क्याम्पस दुई तलाको रहेको छ। बिश्वबिद्यालय अनुदान आयोगको उच्च शिक्षा सुधार परियोजना, नेपाल सरकार र यस क्याम्पसको आन्तरिक स्रोत परिचालन गरि निर्माण गरिएको यस क्याम्पसको थप निर्माणका लागी बिश्व बिद्यालय अनुदान आयोग, गण्डकी प्रदेश सरकार, स्थानिय सरकार र क्याम्पसको आन्तरिक स्रोत लाई परिचालन गर्ने लक्ष्य राखिएको छ । सहयोगी दातृ संस्थाहरु र नेपाल स्थित बिदेशी राजदुतावासहरु संग सहयोग को लागी आबस्यक पहल गरिनेछ ।

जनप्रकाश दर्पण नामक यस वार्षिक प्रतिवेदन प्रति हामीले एक शैक्षिक वर्षमा क्याम्पसबाट भए गरेको शैक्षिक प्रशासनिक, भौतिक, सामाजिक तथा बित्तीय झलकहरु छोटकरीमा प्रस्तुत गर्ने गरेका छौ । यस अर्न्तगत क्याम्पस प्रमुख, बिभागीय प्रमुख, छात्रबृत्ति छनोट समिति, लेखा समिति आदिका बार्षिक गतिविधिहरुलाई समेत समेटेका छौ । शैक्षिक बिकासका लागि गरेका प्रयत्नहरु र विश्वविद्यालय अनुदान आयोग बाट QAA प्राप्त गर्न भएका प्रयत्नहरुलाई पनि समेटेका छौं ।

यस अंकमा क्याम्पसको ब्यवस्थापनपक्ष, शैक्षिक गतिविधी र अन्य पक्षहरुलाई समेटिएको छ। स्थापनाकाल देखि हालसम्म क्याम्पस स्थापना, विकास र संचालनमा सबै किसिमले सहयोग गर्ने शिक्षक तथा कर्मचारी, स्थानीय संघ संस्था, क्याम्पसका शुभेच्छुकहरु तथा चन्दादाताहरु र सरोकारवाला सबै प्रति हार्दिक क्याम्पस हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छ । यस प्रतिबेदनको छपाईकालागि सम्पादन तथा अन्य सबै कार्यको सहयोग गर्ने साथीहरु तथा सबैमा हामी हार्दिक आभार प्रकट गर्दछौ ।

**प्रधान सम्पादक**

# विषय सुची


| | |
|---|---|
| क्याम्पसले प्रदान गर्ने सेवा प्रवाह | ७ |
| क्याम्पसका प्राध्यापकहरु र कर्मचारीहरु | ८ |
| जनप्रकाश बहुमुखी क्याम्पस संचालक समिति | ९ |
| क्याम्पस सल्लाहकार समिति | ९ |
| वार्षिक प्रतिबेदन | ११ |
| क्याम्पसको दिर्घकालीन रणनीतिको स्वरुप | १३ |
| परिचय | १४ |
| क्याम्पसको पृष्ठभूमि | १४ |
| क्याम्पसको भौतिक अवस्था | १९ |
| क्याम्पसको आर्थिक अवस्था | २१ |
| लेखा प्रतिवेदन | २२ |
| शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको विवरण | ३० |
| प्रगति | ३१ |
| भौतिक प्रगति | ३३ |
| QAA सम्बन्धी ब्यबस्था र संयोजकहरु | ३५ |
| थप संकाय सम्बन्धी लक्ष्य | ३५ |
| बित्तीय स्रोत को विश्लेषण | ३६ |
| सामाजीक प्रगति | ३६ |
| क्याम्पसको भावी योजना र संकाय तथा संख्यात्मक प्रक्षेपण | ३९ |
| क्याम्पसप्रति समुदायको योगदान | ४१ |
| भविष्यमा संचालन गरिने बिषयहरु | ४२ |
| चुनौती न्युनिकरण गर्न अपनाईएका उपायहरु | ४२ |
| आ.व. २०८०/०८१ को प्रस्तावित बजेट | ४३ |
| गुणस्तर बृद्धि | ४५ |
| संस्थागत अवस्था विश्लेषण | ४५ |
| बिभिन्न समयका अध्यक्ष | ४७ |
| विभिन्न समितिहरु | ४८ |
| लेखा परिक्षण प्रतिवेदन | ५२ |
| सिनेट सदस्यहरु - क्याम्पस सभाका सदस्यहरु) | ५४ |
| प्रमाणपत्रहरु | ५९ |

# अध्यक्षको मन्तब्य



अन्नपुर्ण हिमश्रृंखलाको काखमा रहेको पोखरा उपत्यका अन्तर्गत पोखरा महानगरपालिका बडा नं २९ भण्डारढिक कास्कीमा पृथ्वीराजमार्ग संगै लेखनाथ रंगशाला संग जोडिएर रहेको समुदायबाट सन्चालित यस जनप्रकाश बहुमुखी क्याम्पसले त्रि. बि. बाट मिति २०६२।०४।२६ मा सम्बन्धन प्राप्त गरी जनप्रकाश मा. बि. को भवनमा संचालनमा आएको हो। बि. सं. २०७३ देखी क्याम्पसले आफ्नो स्वामित्वको भवनमा कक्षाहरु संचालन गरेको सुखद अनुभूति गरेको छ। यस अवसरमा स्थापना कालका सबै संस्थापक लगायत क्याम्पसलाई यहाँसम्म ल्याई पुऱ्याउन महत्वपुर्ण योगदान दिने सबैलाई हामी धन्यबाद तथा कृतज्ञता ज्ञापन गर्दछौ ।

**क्याम्पसका गतिविधिहरु**

- गुणस्तरीय शिक्षाका लागि शैक्षिक सुधार गरी शैक्षिक तथा प्राज्ञिक केन्द्रका रुपमा विकास गर्ने उद्दे श्यका साथ आधुनिक प्रविधिको समय सापेक्ष वातावरण तयार गरी शैक्षिक रुपमा क्याम्पसलाई आकर्षणको केन्द्र बनाउन क्याम्पस कृयाशील छ ।
- उच्च शिक्षालाई दिगो रुपमा सन्चालन गर्न, सबैमा शिक्षाको पहुच पुऱ्याउन, मानिसलाई सभ्य र सम्पन्न जीवन जिउन सहयोगी भूमिका खेल्ने उद्देश्यका साथ स्थापना भएको यस क्याम्पस विश्वविद्यालय अनुदान आयोग बाट HERP कार्यकममा छनोट भएको थियो। हाल क्याम्पस EPBF Extended Performance Based Fund मा आधारित NEHEP मा समेत छनोट भएको छ। यसमा दे शभरका सामुदायिक क्याम्पसहरु मध्ये जम्मा ८९ वटामात्र छनोट भएका छन ।
- क्याम्पसले SSR Report तयार गरी बुझाई सकेको, त्यसको PRT गठन भई Pre Visit समे त भएको छ। अब केही आबस्यक Feedback हरु पुरागरी पुन विश्व बिद्यालय अनुदान आयोग QAA बिभाग र PRT लाई बोलाइनेछ ।
- क्याम्पसको संगठनात्मक स्वरुपमा क्याम्पस साधारण सभा, संचालक समिति, अर्थिक लगायत विभिन्न उपसमितिहरु रहेका छन। क्याम्पसलाई गतिशील र ब्यवस्थित गर्न प्रध्यापकहरु मध्येबाट IQAC, Research Management Cell Coordinator, SAT Co-ordinator को जिम्मेदारी तो केर काम भईरहेको छ।
- क्याम्पसमा हाल ४२८ जना बिद्यार्थीहरु बि.बि.एस का प्रथम बर्ष देखि चौथो बर्ष सम्म अध्ययनरत छन् ।
- क्याम्पसको आफ्नो स्वामित्वको भोगाधिकार भएको जग्गामा ४ तला सम्म जान सक्ने गरी अत्याधुनिक डिजाईन गरेको भवन निर्माणाधिन अबस्थामा छ। हाल क्याम्पसको सबै पठन पाठन यसै भवनमा भएका छन। भविष्यमा जग्गा खरिद पस्चात सम्बन्धन प्राप्त गरेमा BHM, BTTM जस्ता बिषयहरु लाई यहाबाट बाहिर लगिनेछ ।

प्रतिबेदनको संक्षिप्त विवरण रहेको जनप्रकाश दर्पण-२०८१ ले क्याम्पसका सम्पूर्ण गतिविधिहरु समेटेर प्रकाशन हुन गएको यस सुखद् अवसरमा क्याम्पसका सम्पूर्ण सिनेट सदस्यहरु, संस्थापकहरु, क्याम्पसको स्थापना र विकासमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने समाजसेवी, राजनीतिकर्मी, युवाक्लव, आमा समूह, सरकारी तथा गैरसरकारी निकायहरु, बिद्यार्थी सबैमा आभार ब्यक्त गर्दछु । यस जनप्रकाश दर्पण-२०८१ प्रकाशनमा रात दिन खट्नु हुने क्याम्पस प्रमुख तथा कर्मचारीहरु सबै प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यसले भविष्यमा पनि निरन्तरता पाउने छ साथै यसमा समेटन नसकेका कुराहरु भविष्यमा समेटिने र कुनै त्रुटी भएमा भविष्यमा सुधार गरिनेछन भन्ने विश्वास दिलाउन चाहन्छु

**बिजय राज भण्डारी**
अध्यक्ष

# क्याम्पसले प्रदान गर्ने सेवा प्रवाह क्याम्पस वडापत्र

| क्र.सं. | सेवाका किसिम | आबश्यक कागजात | लाग्ने दस्तुर | समय | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | नयां भर्ना | १) अघिल्लो तह उत्तिर्ण भएको मार्कसिटको प्रतिलिपि | रु.९००० | १५ मिनेट | प्रशासन |
| २ | स्थानान्तरण भई आउन | १) निबेदन<br>२) अघिल्लो तहको परीक्षा दिएको प्रवेश पत्र<br>३) सम्बन्धित क्याम्पसको पत्र | रु.७००० | २० मिनेट | प्रशासन |
| ३ | स्थानान्तरण भई जान | १) निवेदन<br>२) लाईब्रेरी र लेखा क्लीयरेन्स<br>३) सम्बन्धित क्याम्पसको पत्र | निशुल्क | २० मिनेट | प्रशासन |
| ४ | परीक्षा फारम | सूचना अनुसार माग गरिएको परीक्षा रोल नं | सूचना बमोजिम | २० मिनेट | प्रशासन |
| ५ | त्रि.बि.रजिष्टेशन सम्बन्धी फारम भर्ने क्याम्पसले जारी गरेको समय भित्र भर्नु पर्ने | १) S.L.C को Marksheet को प्रतिलिपि, Character Certificate, School Leaving certificate<br>२) कक्षा १२ को Transcript र Character Certificate<br>३) Provisional Certificate को प्रतिलिपि<br>४) Migration Certificate को सक्कल<br>५) Supplementary Certificate (Only for partial) | रु. २००० | २० मिनेट | प्रशासन |
| ६ | चारित्रिक प्रमाणपत्र निकाल्न | १) तोकिएको फारम भर्नु पर्ने<br>२) त्रि बि बाट प्राप्त Transcript को प्रतिलिपि<br>३) क्याम्पस पोशाक लगाएको फोटोदुई प्रति<br>४) रुजुका लागि सक्कल Transcript | रु. २००० | २ दिन | प्रशासन |
| ७ | परिचयपत्र | १) फोटो १ प्रति क्याम्पस पोशााक सहित<br>२) प्रतिलिपि झिक्नु परेमा निबेदन | रु २०० प्रतिलिपिका | ४ दिन | प्रशासन शाखा |
| ८ | अध्यनरत प्रमाणपत्र | १) निवेदन | | १ दिन | |
| ९ | पुस्तकालय नाम दर्ता | १) भर्ना भएको रसिद देखाउनु पर्ने<br>२) फोटो १ प्रति | | ३० मिनेट | प्रशासन |

नोटः यस सम्बन्धमा क्याम्पस ले समय समयमा निणय गरे अनुसार हुनेछ ।

# JANAPRAKASH MULTIPLE CAMPUS NAME OF STAFFS

| S.N | Teachers Name | Date of join | Post | work Load | Remarks |
|---|---|---|---|---|---|
| 1 | Rishi Ram Budhathoki | 2063.05.21. | Campus Chief | Permanent | |
| 2 | Arjun Ojha | 2070.09.01 | ASST. Campus Chief | Permanent | |
| 3 | Yub Raj Lamichhane | **2076.07.25** | Lecture | Permanent | |
| 4 | Krishna Ram Bhandari | 2064.07.20 | Lecture | Contract | |
| 5 | Binod Raj Poudel | 2073.12.01 | Lecture | Contract | |
| 6 | Padam Thapa | 2073.09.01 | Lecture | Contract | |
| 7 | Sandeep Adhikari | **2078.12/01** | Lecture | Full Time | |
| | **Contract Teacher** | | | | |
| 1 | Bisho Mohan poudel | 2065.01.08 | Lecture | Contract | |
| 2 | Manoj Poudel | 2064.08.01 | Lecture | Contract | |
| 3 | Madan Tiwari | 2072.09.23 | Lecture | Contract | |
| 4 | Rabindra Nath Poudel | 2065.11.09 | Lecture | Contract | |
| 5 | Santosh Subedi | 2076.07.16 | Lecture | Caontract | |
| 6 | Gopi Raj Adikari | 2077.12.02 | Lecture | Contract | |
| | **Non Teaching Staff** | | | | |
| 1 | Ganesh Gurung | 2076.07.23 | Accountant | Permanent | |
| 2 | Rita Dhakal | 2077.12.05 | Library Assistant | Full Time | |
| 3 | Samita Kumal | 2075.01.23 | Assistant Staff | Full Time | |
| | Total FullTime Teacher | All Teacher are Masters Degree holder | | | 4 |
| | Total contract staff | All are Annual Contract | | | 9 |
| | Total office Staff | Two office Staff and one is cleaner | | | 3 |
| | Total women staff | One indigeneous office staff | | | 2 |

# जनप्रकाश बहुमुखी क्याम्पस संचालक समिति (गठन मिति २०७८।११।२८)

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | अध्यक्ष | बिजयराज भण्डारी | पोखरा म.न.पा. २९ | ९८५६०४४४२६ |
| २ | सदस्य(निबर्तमान अध्यक्ष) | कृष्णहरी भण्डारी | पोखरा म.न.पा. २९ | ९८५६०२४६३९ |
| ३ | त्रि.वि प्रतिनिधि | प्रा डा कुशुमाकर न्यौपाने | पृथ्वीनारायण क्याम्पस | |
| ४ | पोखरा महानगर प्रतिनिधी | मेयर वा प्रतिनिधी, पोखरा म.न.पा | कास्की | ९८५६००३०२९ |
| ५ | सदस्य क्या.स.स | सुदेब गुरुङ्ग | पोखरा म.न.पा. २९ | ९८५६०२२५१३ |
| ६ | सदस्य क्या.स.स | होमनाथ पौडेल | पोखरा म.न.पा. २९ | ९८४६५११५७८ |
| ७ | सदस्य क्या.स.स | पुष्प मणी भण्डारी | पोखरा म.न.पा. २९ | ९८५१०२६२३७ |
| ८ | सदस्य क्या.स.स | विश्वराज लामिछाने | पोखरा म.न.पा. २९ | ९८५६०८०८८८ |
| ९ | सदस्य क्या.स.स | बिष्णु प्रसाद तिवारी | पोखरा म.न.पा. २९ | ९८५६०३३७४० |
| १० | सदस्य क्या.स.स | श्रीधर आचार्य | पोखरा म.न.पा. २९ | ९८५६०२१९०६ |
| ११ | सदस्य क्या.स.स | प्रेम बहादुर थापा | पोखरा म.न.पा. २९ | ९८५६०२३११४ |
| १२ | मीहला सदस्य | मन देबि गुरुङ्ग | पोखरा म.न.पा. २९ | ९८४६११८५५१ |
| १३ | महिला सदस्य | प्रेम कला आचार्य | पोखरा म.न.पा. २९ | ९८४६१३६९३३ |
| १४ | प्राध्यापक संघका सभापती | युवराज लामिछाने | जनप्रकाश क्याम्पस | ९८५६२२०३२ |
| १५ | क्याम्पस प्रमुख | ऋषिराम बुढाथोकी | जनप्रकाश क्याम्पस | ९८५६०२६०६७ |

# क्याम्पस सल्लाहकार समिति

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | गिरीराज गौतम | पोखरा २६ | ९८५६०२२९९९ |
| २ | सदस्य | राम बाबु भण्डारी | पोखरा २९ | ९८४६३६१९१५ |
| ३ | सदस्य | कुमार सुनार | पोखरा २९ | ९८५६०३२२०५ |
| ४ | सदस्य | चेत बहादुर गुरुङ्ग | पोखरा ३२ | ९८५६०२४१०७ |
| ५ | सदस्य | बिन्दु भण्डारी | पोखरा २९ | ९८४६७२५५२९ |
| ६ | सदस्य | सजना आचार्य | पोखरा २९ | ९८४६०२३६०६ |
| ७ | सदस्य | अधिबक्ता खगेन्द्र राज आचार्य | पोखरा २६ | ९८४६०३३८१२ |
| ८ | सदस्य | दिपक मणी भण्डारी | नेपाली कांग्रेस | ९८५६०२०७४६ |
| ९ | सदस्य | प्रमोद भण्डारी | नेकपा एमाले | ९८५६०३३७५१ |
| १० | सदस्य | धन बहादुर बि.क. | नेकपा माओवादी | |

| | | | | |
|---|---|---|---|---|
| ११ | सदस्य सचिव | ऋषिराम बुढाथोकी | क्याम्पस प्रमुख | ९८५६०२६०६७ |

# आन्तरिक लेखा अनुगमन तथा सुपरिबेक्षण समिति

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क न |
|---|---|---|---|---|
| १ | अध्यक्ष | सुरेन्द्र राज अधिकारी | पोखरा ३० | 9856021577 |
| २ | सदस्य | नबिन शाही | पोखरा ३० | 9846059594 |
| ३ | सदस्य | लेखापाल | जनप्रकाश ब क्याम्पस | बिल भरपाइ लेखा अनुगमन समक्ष पेश गर्ने |

# जनप्रकाश बहुमुखी क्याम्पसको २०औ वार्षिक साधारण सभामा क्याम्पस प्रमुख ऋषिराम बुढाथोकीले पेश गर्नुभएको बार्षिक प्रतिबेदन २०८०/०८१



जनप्रकाश बहुमुखी क्याम्पसको २० औं वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, बिशष्टि अतिथिज्युहरु, क्याम्पसका संचालक समितिका संस्थापकज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, पूर्व क्याम्पस प्रमुख ज्यू, त्रि.वि. प्रतिनिधिज्यू, सल्लाहकार समितिका अध्यक्ष तथा सदस्यहरू, लेखा समितिका संयोजकतथा सदस्यहरू, अक्षयकोष दाताहरु, क्याम्पसका सिनेट सदस्यज्यूहरू, पोखरा महानगरपालिका वडानं २६, २७, २८, २९, ३०, ३१, ३२ र ३३ का वडा अध्यक्षज्यूहरू, वडा नं. २९ का वडा सचिव, वडा सदस्यहरू, राजतितिक दलका अध्यक्ष तथा प्रतिनिधिहरू, जनप्रकाश मा.वि.का अध्यक्ष र प्र. अ. ज्यू, विभिन्न राजनितिक दलका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, सामुदायिक तथा संस्थागत विद्यालयका प्र. अ.ज्यूहरू, उपस्थित पत्रकार तथा आमन्त्रित व्यक्तित्वहरू, समाजसेवीहरू, आर्दश युवा क्लबका अध्यक्ष तथा पदाधिकारीहरू, आमा समूहहरूका अध्यक्ष तथा प्रतिनिधिहरू, टोलविकास समितिका अध्यक्ष तथा सदस्यहरू र उपस्थित सबैमा क्याम्पस प्रमुख म ऋषिराम बुढाथो कीको तर्फबाट आजको यस सभामा हार्दिक स्वागत गर्न चाहन्छु । साथै क्याम्पसको वार्षिक प्रतिवेदन २०८०।०८१ पेश गर्ने अनुमति चाहन्छु ।

अध्यक्ष महोदय,

कास्की जिल्लाको पूर्वी भेगमा रहेका, यस साबीक लेखनाथ क्षेत्रबाट साबिक पोखरा गएर उच्च शिक्षा लिन असमर्थ भएका गरीब जनताका छोरा छोरीहरूलाई प्रारम्भिक चरणमा व्यवस्थापन संकायमा स्नातक तहको शिक्षा प्रदान गर्न र कालान्तरमा उच्च तहको शिक्षा विभिन्न संकायमा प्रदान गर्ने लक्ष्य र उद्देश्य राखेर २०६२ सालमा त्रि. वि. बाट व्यवस्थापन विषयमा स्नातक तह संचालन गर्न यस क्याम्पसले स्वीकृती पाएको हो । तत् पश्चात जनप्रकाश मा.वि. को भवनमा २०६२ भाद्र २० गते देखि कक्षा संचालन गर्दै वि.स २०७४ देखि आफ्नो भवनमा कक्षा संचालन गर्ने गौरव यस क्याम्पसलाई प्राप्त भएको छ ।

क्याम्पसले धेरै आरोह अवरोह खेप्दै आज यहाँसम्म आएको हो । यसको स्थापनाकाल देखि नै आर्थिक कठिनाई पर्न गयो । आफ्नो जग्गा जमिन नभएको, स्थायी आम्दानीको स्रोत नभएको, फर्निचरहरू तथा लाईब्रेरी नभएको अवस्था र पर्याप्त विद्यार्थी संख्या नभएको हुंदा सुरुका वर्षदेखि नै क्याम्पसले विभिन्न कठिनाईहरू भोग्दै आएको हामी सबै लाई अवगत नै छ । आर्थिक कठिनाईको प्रभाव र असर जनशक्तिको फेरबदलमा परिरह्यो । समयमा तलब दिन नसक्ने विगतको हाम्रो बाध्यताले जनशक्तिले क्याम्पस छाडेर गएको कटुसत्य हामीसँग छ तर समयको माग र प्रतिस्पर्धालाई स्वीकार गर्दै हामीले धैर्यतापुर्वक यस क्याम्पसको विकास विस्तारलाई निरन्तरता दिदै जाँदा आज यो अवस्थामा आई सकेका छौं । जनप्रकाश मा.वि सँगैको पर्ती जग्गा करिब १० रोपनी क्याम्पसको नाममा दर्ताका बखत दर्ता गर्न तत्कालीन लेखनाथ नगरपालिका को वडा नं १ र लेखनाथ नगरपालिका बाट समेत जग्गाको भो गाधिकार स्वामित्वको निर्णय भए पश्चात यसै जग्गामा क्याम्पसले आफ्नो जग हालेर आज हामी आफ्नै भवनमा कक्षा संचालन गर्न सक्षमभएका छौं । आज क्याम्पस सँग भुईतला र प्रथम तला गरी १० वटा कक्षा कोठामा पठन पाठन भैरहेको छ । एक पुस्तकालय र एक सभाहल रहेका छन । क्याम्पस प्रमुखको प्रमुख प्रशासकीय कोठा एउटा छ भने बाँकी १० कोठामा सहायक क्याम्पस प्रमुख, लेखापाल, ४ वटा विभिन्न कक्षहरू र प्राध्यापकहरूको लागि एक कक्ष समेत रहेको छ । क्याम्पस भवनका दुवै तलाहरूमा शौचालयको व्यवस्था गरिएको छ । ती शौचालयसँगै जागिरे

विद्यार्थीहरूको लागि पोशाकहरू फेरबदल गर्न छात्र र छात्राका लागि दुई कोठाहरू बनाईएका छन । क्याम्पसलाई भविष्यमा २ तलाथप गरी ४ तलाको बनाउने लक्ष्य र उद्देश्य राखिएको छ । ४ तला बनाउदा बिहान र दिउँसो गरी करीब २४२० विद्यार्थीहरूले यस भवनमा अध्ययन गर्नसक्ने क्षमताको बनाईनेछ ।

क्याम्पसले भविस्यमा Hotel Management पढाई गर्ने लक्ष्य तथा उद्धेस्य लिएको हुदा त्यसका लागी लालपुर्जा भएको जग्गा क्याम्पसको नाममा खरिद गर्ने निर्णय गरिएको छ । यसकालागी क्याम्पसले राष्ट्रिय बाणिज्य बैंकमा खातामा कारोवार रहने गरी रकम जम्मा गर्न सुरु गरिसकिएको छ । Hotel Management राष्ट्रिय स्तरको सम्मेलन केन्द्र निर्माण गरिनेछ । त्यसकालागी पोखरा महानगरपालिकाका वडा नं २९, वा अन्य उपयुक्त स्थललाई छनोट गरिनेछ । जग्गा जमिन खरिद गर्दा सन्दी सर्पन फराकिलो सार्वजनिक जग्गा रहेको र पर्यटन ब्यबसाय संचालन गर्न सकिने, प्रकृतिक रुपमा सुन्दर र रमणिय जग्गालाई छनोट गरिनेछ। यसका लागी क्याम्पसले राष्ट्रिय बाणिज्य बैंक तालचोक कास्कीमा Fixed Depositमा रहने गरी रकम जम्मा गर्ने कार्यको थालनी गरिसकेको छ । आ.व २०८०।०८१ मा रु १५०००००।- अक्षरुपी पन्ध्रलाख मात्र जम्मा गरी कामको थालनी गरिएको छ ।

क्याम्पसले मिति 31 August 2017 (१५भाद्र२०७४) मा QAAमा जानको लागि बिश्वबिद्यालय अनुदान आयो गबाट प्रारम्भिक चरण LOI ( Letter या Intention) प्राप्त गरी दोस्रो चरण SSR समेत बिश्वबिद्यालय अनुदान आयोगमा बुझाईएको छ । दोस्रो चरणको SSR मिति २०७८।०७।२३ गते इमेल मार्फत बिश्वबिद्यालय अनुदान आयोगमा पठाईएको जानकारी गराउदछु । बिश्वबिध्यालय अनुदान आयोगबाट Self Study Report ( SSR) माथी पहिलो चरण अध्ययन भई केही नपुग भएका बिषय र थप गर्नुपर्ने बिषयको पृष्ठपोषण गर्न सुझाब प्राप्त भएकोले पुर्नलेखनको कार्य समेत सम्पन्न भई Digital माध्यम बाट SSR को देस्रो प्रतिबेदन समेत पेश गरे को यहाजानकारी गराउन चाहन्छु । क्याम्पसले पेश गरेको SSR सम्बन्धमा PRT ( Peer Review Team) समेत गठन भएर Pre-visit Complete भएको म यहाहरु समक्ष जानकारी गराउन चाहन्छु । बिश्वबिध्यालय अनुदान आयोगबाट यस क्याम्पसको अनुगमन मिति २०७९।०४।१८ देखी २० सम्म भएको थियो । सो पस्चात क्याम्पसले गनुपर्ने बिभिन्न सुझाबहरु प्राप्त भएको छ । ती सुझावहरु माथी कामहरु भएका छन । क्याम्पसले यसै बर्ष PRT पठाईदिन यसै बर्ष यु जि सी लाई अनुरोध गरिनेछ ।

गैर नाफामुलक सामुदायिक रुपमा संचालित यस क्याम्पसले प्रतिस्पर्धाको माझमा क्याम्पसको विधान, नियमावलीको अधिनमा रही त्रि.बि को ऐन नियम संग नबाझिने गरी शैक्षिक गतिविधिहरु संचालन गरिरहेको छ । यसका लागी उप-प्राध्यापक श्री युवराज लामिछानेको संयोजकत्वमा RMC गठन भई कामहरु भईरहेका छन । उच्च शिक्षाको बिध्यमान अबस्था, जनसंख्याको अबस्था र राज्यको उच्च शिक्षा निती एवं आवश्यकता बमोजिम क्याम्पस मर्जरलाई पनी खुला राखिएको छ ।

अध्यक्ष महोदय,

क्याम्पसले पांच बर्षे दिर्घकालीन रणनीति तयार गरी आफ्नो काम अगाडी बढाइरहेको आजको सम्मानीत सभामा राख्न चाहन्छु । अव म यस सभामा क्याम्पसको दिर्घकालीन रणनीतिको स्वरुप, परिचय र पृष्ठभूमि देखी आ.ब.२०८०/०८१को लेखा परिक्षण प्रतिवेदन आगामी आर्थिक बर्षको बार्षीक अनुमानित बजेट क्याम्पसका सामाजीक प्रगती, एकमुष्ठ रुपमा यस सभामा राख्न चाहन्छु । आशाछ सभाका सदस्यज्यूहरुले यसको गहन अध्ययन गरी हामीलाई अमूल्य सुझाव दिनुहुनेछ । त्यो सुझाव आगामी दिनमा प्रकाशन हुने अंकहरुमा समेटीने छन् । यसलाई क्याम्पसको वेभसाईट www.janaprakash.edu.np मा अपलोड गरिनेछ ।

**क्याम्पस प्रमुख**

ऋषिराम बुढाथोकी

# क्याम्पसको दिर्घकालीन रणनीतिको स्वरूप
# दृष्टि, अभियान, लक्ष्य र उद्धेश्यहरू

४.१ **VISION (दृष्टि)**: उच्च शिक्षाको स्थानिय तथा राष्ट्रिय आबस्यकतालाई पूरा गर्नका लागि गुणस्तरिय शिक्षा, अनुसन्धानात्मक शैक्षिक अभिबृद्धि र क्याम्पसमा दक्ष एबम् प्रभावकारी सुशासन कायम गरी उत्कृष्ट शैक्षिक गुणस्तर सृजना गर्ने ।

(Creating Excellence in education through quality education, promotion of research and by adopting effective and efficient governmance in the campus to serve the local and national needs of higher education)

४.२ **MISSION (अभियान)**: जनप्रकाश बहुमुखी क्याम्पस किफायती र उचित मुल्यमा समुदायकालागी गुणात्मक, स्नात्तक र स्नात्तकोत्तर तहको शिक्षा प्रदान गर्न स्थापना भएको संस्था हो । हामि सामाजिक कार्यकर्ता र बिज्ञहरुको संयूक्त सहभागिताद्वारा शिक्षा मार्फत शिक्षित समुदाय, समाज र राष्ट्रको निमाण गर्न प्रतिबद्ध छौं ।

JPMC strives to develop innovative, creative, disciplined and responsible citizens through quality education who can change the society and the national with practical knowledge and applied sills.

४.३ **GOALS (लक्ष्यहरु) :**

- To ensure the quality of education by institutionalizing the best practive of quality culture. गुणस्तरिय शिक्षाका पद्धती र अभ्यासहरुलाई संस्थागत गरी गुणस्तरीय शिक्षा सुनिस्चित गर्ने ।
- To promote research and excellence in the campus by effective operation of academia. शैक्षिक गतिबिधीहरुको प्रभावकारी संचालनद्वारा अनुसन्धान तथा क्षमता अभिबृद्धि गर्ने ।
- Produce quality manpower of national and international needs. राष्ट्रिय तथा अन्तराष्ट्रिय आबस्यकता बमोजिमको गुणस्तरिय जनशक्ती उत्पादन गर्ने ।

४.४ **Objectives (उद्देश्यहरु)**

- ➢ To produce capable, competent and competitive manpower through effective teaching learning activities and increment of competencies of teachers and employees. प्रभावकारी शिक्षण सिकाई कियाकलापद्वारा सिकाइ कृयाकलाप तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी योग्य, दक्ष र प्रतिस्पर्धी जनशक्ती उत्पादन गर्ने
- ➢ To provide students with well facilitated infrastructures like classroom, library, playgroung, lab, canteen etc. बिद्यार्थीहरुलाई सुबिधा सम्पन्न कक्षाकोठा, पुस्तकालय, खेलमैदान,

प्रयोगशाला, खाजाघर आदी भौतिक सुबिधा उपलब्ध गराउने

- To maintain modernized and effective teaching learning process by encouraging students and teachers to research and investigation. बिद्यार्थी तथा शिक्षकलाई खोज तथा अनुसन्धानमा प्रोत्साहन गरी आधुनिक र प्रभावकारी शिक्षण शिक्षा पद्धती कायम गर्ने
- To solve students grievances/complaints and increase admission rate through students/parents satisfaction. बिद्यार्थी तथा अभिभावकहरुका गुनासाहरु समाधान गर्दै उनिहरुलाई सन्तुष्टी प्रदानगरी भर्नाको संख्या बढाउने ।
- To maintain transparent administration and economic activites. संस्थाको अर्थिक, प्रशासनिक पक्षहरुलाई चुस्त दुरुस्त पार्ने

## परिचय (Introduction)

२०५९ भाद्र १ गते शनिबारका दिन लेखनाथ क्षेत्रका बुद्धिजिवीहरुको भेलाले श्री चक्रपाणी पौडेलको अध्यक्षतामा एक स्नात्तक तहको क्याम्पस संचालन गर्ने लक्ष्य राखी एक तदर्थ समिति गठन गरेको हो। त्यस भेलामा यस क्षेत्रका ७५ जना शिक्षाप्रेमीहरुको उपस्थिती रहेको रेकर्डबाट देखीन्छ। यस सम्बन्धी बिस्तृत बिबरणहरु क्याम्पसको तात्कालिन ऐतिहासीक माईन्युट नं १ मा रहेको छ। यसलाई डिजिटल रुपमा भबिस्यमा क्याम्पसको वेभसाईटमा राखिने छ। यहाँदेखि निरन्तर मेहनत, प्रयास, छलफल गर्दा करिब ३ बर्ष पछाडी त्रि.बि. बाट सम्बन्धन लिएर क्याम्पस संचालन गर्ने निश्कर्षमा पुगे पश्चात यस जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना बि.सं २०६२ श्रावण २६ गते भयो । कास्की जिल्लाको पूर्वी भेगमा पर्ने तात्कालीन लेखनाथ नगरपालिका र यस वरपर रहेका मा. बि. हरुलाई आफ्नो आधार बनाई यस क्षेत्रबाट पोखरामा उच्च शिक्षा हासिल गर्नजानु पर्ने तात्कालीन आवश्यकतालाई मध्यनजर गर्दै यस क्षेत्रका बुद्धिजिबीहरु, समाजसेवीहरुको भेलाले यहां एक क्याम्पसको आवस्यकता रहेको महसुस गरी यो क्याम्पसको स्थापना र बिकास गरिएको हो । जनप्रकाश बहुमुखी क्याम्पस कास्की जिल्लाको पूर्वी क्षेत्रका पोखरा महानगरपालिका बडा नं.-२९, मा पृथ्वी राजमार्ग संगै जोडीएर रहेको छ। त्रि.बि.बि. को २०६२।०४।१८ कार्यकारी परिषदको निर्णय अनुसार यस जनप्रकाश बहुमुखी क्याम्पसले व्यवस्थापन बिषयमा बि.बि.एस.को पठन पाठन गराउनकोलागि त्रि.बि.बाट सम्बन्धन अनुमति प्राप्त गरेको आज करिब १९ बर्ष पुरा भईसकेको छ। यस अबस्थामा आईपुग्न क्याम्पसले ठुलो मेहनत र कसरत गर्नु परेको छ।

## क्याम्पसका ऐतिहासीक पृष्ठभुमी (Background of Campus)

वि.सं. २०६२ साल आषाढ २३ गते श्री जनप्रकाश बहुमुखी क्याम्पस व्यवस्थापन समितिले यस क्षेत्रमा स्नातक तहको क्याम्पस संचालन गर्न आवश्यक ठानी स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमीहरुको भेलाद्वारा निर्णय भई यस जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना गर्न वाञ्छनीय भएकाले यस क्षेत्रमा क्याम्पस स्थापना गर्ने प्रस्ताब त्रिभुवन बिश्वबिद्यालयमा पेश भएको हो । मिति

२०६२ श्रावण १८ गते त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट निर्णय भई २०६२।४।२६ गते व्यवस्थापन संकायको सम्वन्धन प्राप्त गरी यस क्याम्पसले आफ्ना शैक्षिक कार्यक्रमहरु अघि बढाएको छ । त्यस्तै मिति २०६२ साल भाद्र २० गते व्यवस्थापन संकाय अन्तर्गत वी.वी.एस. कार्यक्रमको सम्वन्धन प्राप्त गरी अध्यापन गराउन सुरु गरेको यस क्याम्पसले सर्वशुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । यस क्याम्पसमा पोखरा-लेखनाथ वर परका क्षेत्र साथै कास्कीको पूर्वीभेग, स्याङ्गजा, तनहु, लम्जुङ्ग, वाग्लुङ्ग आदि जिल्लाहरुबाट आएका विद्यार्थीहरुले शिक्षा लिइ रहेका छन् । नाफा रहित उद्देश्यका साथ सामुदायिक क्याम्पसको रुपमा स्थापित यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट नियमित लगाएत भौतिक पूर्वाधार विकासमा विभिन्न अनुदानहरु प्राप्त गरिरहेको छ । यस क्षेत्र ग्रामीण क्षेत्रको परिबेसमा रहेको र शहरीकरण उन्मुख भएकोले विशेष गरी कृषक, मजदुर तथा न्यून आय भएका परिवारका विद्यार्थीहरुले नै यस क्याम्पसमा अध्ययन गर्दै आएका छन् । क्याम्पसलाई आफ्नै जग्गा जमिन तथा भौतिक संरचनाको आवश्यकता महसुस गरी यस क्याम्पसको नाममा भोगाधिकार रहने गरी तात्कालिन लेखनाथ नगर पालिका बाट भोगाधिकार प्राप्त भएको छ । हाल उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग र नेपाल सरकार तथा बिभिन्न निकायहरुको सहयोगमा अनुदान प्राप्त गरी भवन समेत निर्माण भई केही कक्षा कोठामा पठन पाठन भईरहेको छ भने केही निर्माणाधिन अबस्थामा छन । यस क्याम्पस ले Quality Education for All भन्ने नाराका साथ गुणस्तरीय शिक्षा प्रदान गर्दै समाजमा स्थापित हुँदै गएको छ ।

**क्याम्पसको ऐतिहासीक गतिबिधिहरु संक्षेपमा ।**

नाम : जनप्रकाश बहुमुखी क्याम्पस

ठेगाना : पोखरा महानगरपालिका-२९, भण्डारढिक, कास्की

स्थापना मिति : २०६२/०४/२६

संचालन मिति : २०६२/०५/२०

जग्गा प्राप्ती : २०६८ ।१२।२७

जग्गा को भोगाधिकार : २०६८।१२।३०

भवन को शिलान्यांस : २०७०।०३।१७ सोमबार बिहान ९.४५

आफ्नै भवनमा कक्षा संचालन : २०७३।७।२२ बुधवार

भवनको उद्घाटन : २०७३ पौष २९ गते शुक्रबार

| संकाय | तह | स्वीकृति मिति | सम्बन्धन दिने निकाय | कैफियत |
|---|---|---|---|---|
| व्यवस्थापन | स्नातक तह, - वी.वी.एस् | २०६२/०४/२६ | त्रिभुवन विश्वविद्यालय | चार वर्षे |

**भौतिक पूर्वाधार**

१) जग्गा जमिनः आफ्नो स्वामित्वमा भोगाधिकार भएको जग्गा
२) भवन निर्माणः २ तला ढलान, ढलान सम्पन्न भएको
३) सहयोगी आयोग वा सरोकार वालाहरुः

- विश्व विद्यालय अनुदान आयोग
- सामाजिक बिकास मंत्रालय गण्डकी प्रदेश सरकार
- अन्य दान प्रदान गर्ने निकाय वा ब्यक्तीहरु

**४) अतिरिक्त कृयाकलाप :**

- भलिवल, व्याडमिन्टन लगायतका खेल मैदान उपलब्ध (ब्यबस्थित गर्न बांकी)
- शुद्ध खानेपानीको ब्यबस्था (पानी टंकीको क्षमता बिस्तार गर्न बांकी)
- छात्र तथा छात्रा शौचालयको व्यवस्था (बिस्तार गर्न बांकी)

**५) विद्यार्थी संख्या :**

- बि.बि.एस. ४२८ (BBS 428 )

**६) जनशक्ति :**

शिक्षक संख्या १४ जना

- कर्मचारी संख्या ३ जना
- सुरक्षा गार्ड संख्या छैन

**७) अतिरिक्त क्रियाकलाप :**

- प्रत्येक वर्ष खेलकुद सप्ताह - पौषको अन्तिम हप्ता भलिवल, फुटबल, रस्सा कस्सी, दौड, रिले, व्याडमिन्टन,
- टेवलटेनिस, लङ्गजम्प, सटफुट आदि
- बौद्धिक कार्यक्रम (हाजिरी जवाफ, उद्योग तथा ब्यापार सम्बन्धी छलफल)

**कार्यसम्पादन मुल्यांकनका आधारमा क्याम्पस छनोटको अबस्था**

- LOI प्राप्त, PRT गठन र Peer Review सम्पन्न देशभरका क्याम्पसहरु मध्ये
- HERP मा छनोट देशभरका सामुदायिक क्याम्पसहरु मध्ये जम्मा १२५ छनोट भएका
- NEHEP मा छनोट देशभरका समुदायिक क्याम्पसहरु मध्ये जम्मा ८९ छनोट भएका
- Entrepreneurship Development Training को प्रस्ताव पेश गरिएको

# Academic Progress

## जनप्रकाश बहुमुखी क्याम्पसको बिद्यार्थी भर्ना र रजिष्ट्रेसन

| भर्ना बर्ष | प्रथम वष भर्ना बिद्यार्थी | T.U. रजिष्ट्रेशन बिद्यार्थी | बिद्यार्थी संख्या | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथो बर्ष | |
| २०७६ | ८४ | ८२ | ८४ | ४१ | ७३ | ३१ | २२९ |
| २०७७ | १६१ | १४९ | १६१ | ४१ | ३७ | ४६ | २८५ |
| २०७८ | २१८ | १८० | २१८ | १२५ | ३९ | ३४ | ४२१ |
| २०७९ | १७७ | १४७ | १७७ | १४६ | ६६ | ३१ | ४२१ |
| २०८० | १९० | १५६ | १९० | १११ | ८४ | ४३ | ४२८ |

### Enrollment Trend Analysis of Last Three years programs/ परिक्षामा सामेल बिद्यार्थी

| Year 2078 | Total Student | Absent | Total Exam Appear | Pass student | Pass % | Remarks |
|---|---|---|---|---|---|---|
| BBS First year | 125 | 10 | 115 | 12 | 10.43 | |
| BBS second year | 37 | 2 | 35 | 1 | 2.86 | |
| BBS Third year | 37 | 2 | 35 | 25 | 71.43 | |
| BBS Forth year | 46 | 3 | 43 | 18 | 41.86 | |

| Year 2079 | Total Student | Absent | Total Exam Appear | Pass student | Pass % | Remarks |
|---|---|---|---|---|---|---|
| BBS First year | 147 | 13 | 134 | 19 | 14.18 | |
| BBS second year | 66 | 1 | 65 | 9 | 13.85 | |
| BBS Third year | 31 | 3 | 28 | 3 | 10.71 | |
| BBS Forth year | 46 | 2 | 32 | 25 | 79.31 | |

| Year 2080 | Total Firm fillup | Absent | Total Exam Appear | Pass student | Pass % | Remarks |
|---|---|---|---|---|---|---|
| BBS First year | 52 | 4 | 48 | 8 | 16.67 | |
| BBS second year | 41 | 6 | 35 | 16 | 45.71 | |
| BBS Third year | 61 | 14 | 47 | 10 | 21.28 | |
| BBS Fourth year | 31 | 3 | 28 | 12 | 42.86 | |

**३.५ नतिजा विश्लेषण :** क्याम्पस सञ्चालनको प्रमुख उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्र निर्माणमा योगदान दिन सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु हो । यसका लागि गुणस्तरीय नतिजा प्रदान गर्नका लागि क्याम्पसले समय समयमा आन्तरिक परीक्षाको समेत व्यवस्था गरेको छ ।

**बर्ष २०७९/०८० मा जनप्रकाश बहुमुखी क्याम्पसबाट**
**बार्षिक परिक्षामा सामेल भएका बिद्यार्थीहरुको संख्या निम्नानुसार रहेको छ।**

| Total | 2078 | 2079 | 2080 | 2081 | Remarks |
|---|---|---|---|---|---|
| BBs First year | 125 | 147 | 111 | NA | |
| BBS Second year | 37 | 66 | 83 | NA | |
| BBS Third year | 37 | 31 | 43 | NA | |
| BBS Fourth year | 46 | 34 | 27 | NA | |

**जनप्रकाश बहुमुखी क्याम्पसमा बिगत ३ बर्षमा परिक्षामा उत्रिण विद्यार्थीहरुको संख्या**

| Level | 2077 | 2078 | 2079 | 2080 |
|---|---|---|---|---|
| BBS First Year | 8 | 45.71 | 19 | NA |
| BBS Second Year | 16 | 2.86 | NA | NA |
| BBS Third year | 10 | 25 | 3 | NA |
| BBS Forth Year | 12 | 18 | 25 | NA |

**Pass Rate Trend Analysis of the last three years (percentage)**
**उत्तिर्ण प्रतिशत प्रबृती बिस्लेषण**

| Year | BBS First year | BBS Second year | BBS Third year | BBS Fourth year | Remarks |
|---|---|---|---|---|---|
| 2077 | 16.66 | 45.71 | 21.28 | 42.86 | |
| 2078 | 10.43 | 2.86 | 71.43 | 41.86 | |
| 2079 | 14.18 | 13.85 | 10.71 | 79.31 | |
| 2080 | 5.41 | NA | NA | NA | |

**Graduate Trend Analysis of The Last three years**
**स्नात्तक तह उत्तीर्ण प्रवृत्ति बिश्लेषण**

| Year | Total Graduate | Girls | Dalit | Remarks |
|---|---|---|---|---|
| 2075 | 12 | 6 | 2 | |
| 2076 | 17 | 14 | 1 | |
| 2077 | 6 | 4 | - | |
| 2078 | 12 | 7 | 2 | |
| 2079 | 26 | 17 | 2 | |

## ३.१ क्याम्पसमा सञ्चालित कार्यक्रम तथा विषयहरु

स्थापना काल २०६२ सालमा २६ जना विद्यार्थीबाट सञ्चालन भएको यस क्याम्पसमा हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक तहका कार्यक्रमहरु संचालन भइरहेका छन् । जस अन्तर्गत व्यवस्थापन संकायतर्फ चार वर्षे बी.बी.एस. कार्यक्रममा वित्तशास्त्र, लेखाशास्त्र र बजारशास्त्र विषयमा कक्षाहरु संचालन भैरहेका छन । हाल क्याम्पसमा ४२८ जना बिद्यार्थीहरु अध्यनरत छन तर निरन्तरको अध्ययन छाडने समस्याबाट जनप्रकाश बहुमुखी क्याम्पस पनी समस्यामा रहेको जानकारी गराउन चाहन्छु । प्रथम बर्षमा ३५ देखी ४५ प्रतिशत बिद्यार्थीहरु अध्ययन छाडने र चौथो बर्षमा पुग्दा ६० प्रतिशत सम्मले अध्ययन छाड्ने देखिएकोले क्याम्पसको दिगो संचालनलाई समस्यामा पारेको सर्वविदितै रहेकोछ ।

## ३.२ क्याम्पसको भौतिक अबस्था

यस क्याम्पसले स्थापनाकाल देखि करीब एघार बर्ष जनप्रकाश उच्च मा. बि. को भवनमा कक्षा संचालन गर्दै आएको थियो । २०७३ सालको कार्तिकमा आफ्नै स्वामित्वमा रहेको यसै भवनमा आफ्ना शैक्षिक एवं प्रशासनिक कामकाजहरू गर्दै आएको छ । विभिन्न निकायहरु समक्ष अनुदान सहयोगका लागि पनि क्याम्पसको आफ्नै भोगाधिकार रहेको स्वामित्वमा जग्गा हुनुपर्ने यथार्थलाई मनन् गरी यस क्याम्पसले जनप्रकाश मा. बि.को सहमती तथा सिफारीसमा साविक लेखनाथ नगरपलिकाले भोगाधिकार दिएको जग्गामा संचालनमा रहेको कुरा सर्वविदितै छ । उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग, स्थानिय बिकास मंत्रालय, लेखनाथ नगर पालिका कार्यालय, सांसद बिकास कोषको रकम जिल्ला बिकास समिती कास्की मार्फत, स्थानिय चन्दा सहयोग तथा आन्तरिक स्रोतको परिचालनबाट प्राप्त अनुदान रकम खर्च गरी सुबिधा सम्पन्न भवन निर्माणाधिन अबस्थामा छ । हाल क्याम्पसको पठन पाठन भुईतला र प्रथम तला गरी संचालनमा रहेको छ ।

**भवनतर्फ :**

१) पठन पाठन हुने कक्षाकोठा ९

२) लेखा कोठा १

३) लाईब्रेरी १ - (कम्पुटर सहितको लाईब्रेरी )

४) सहायक क्याम्पस प्रमुख क्यबिनेट १, स्टाफ क्यबिनेट १, बिभागिय प्रमुखहरुका क्याबिनेट ४

५) नपुग २ तला - MBS, Hotel Management का लागी )

## प्रस्ताबित चौथोतला सम्म को भवनको क्षमता

| | | | |
|---|---|---|---|
| बिध्यार्थीहरुको लागी पठन पाठन कक्षा कोठा | १४ | लेखाशाखा | १ |
| अडिटोरिएम हल | १ | सहायक क्यामपस प्रमुख समेत प्राध्यापक क्याबिनेट | १ |
| संन्चालक समितिको कोठा | १ | अनुसन्धान तथा बिकास, जर्नन प्रकासन, परिक्षा का लागी | १ |
| लाईब्रेरी | २ | कम्पुटर ल्याब | १ |
| सेमिनार | १ | स्टोर | १ |
| जम्मा | | २६ | |
| Rest Room | | ६(एक पटकमा २२ देखी २८ जना क्षमता हुने) | |

**Proposed Class room and other facilities in campus Building**

| | | | | | |
|---|---|---|---|---|---|
| Hall Examination center Computer Lab | | | | Store | |
| MBS Library | | | | MBS 4th sem | MBS 3rd sem |
| BBS 4th A | | BBS 4th B | | MBS 2nd sem | MBS 1st sem |
| Seminar hall | | | | BBS 3rd A | BBS 3rd B |
| Campus Chief | Campus Management Committee | | | BBS 2nd A | BBS 2nd B |
| BBS IST C | BBS IST D | Account Section | | Assistant Campus Chief | |
| BBS IST A | BBS IST B | | Library | | |

## खेलकुदतर्फ

- बास्केटबल ग्राउण्ड / कोर्ट
- लेखनाथ रंगशालासंग जोडिएकोले अन्य खेल रंगशालामा हुने

  मिति २०८०।१२।१३ देखी २०८०।१२।१६ सम्म यस जनप्रकाश बहुमुखी क्याम्पसमा अतिरिक्त कृयाकलाप अन्तर्गत खेलकुद कार्यक्रम भएको थियो । क्याम्पस अतिरिक्त कृयाकलाप संयोजक बिनोद पौडेलको संयोजकत्वमा भएको कार्यक्रमहरुको बिस्तृत बिबरण तपसिल बमोजिम रहेको छ ।
- भलिवल छात्र तथा छात्रा
- फुटवल छात्रा तथा छात्र ( 7A Sides)
- दौड, १००, २००, ८०० मिटर पुरुष
- रस्साकसी छात्र तथा छात्रा

पार्किङ्ग तर्फ

- मोटरसाईकल पार्किङ्ग निर्माण सम्पन्न भएको

सौन्दर्यता तर्फ

क्याम्पस वरपरको जमिनमा बृक्षारोपण र फुल रोप्ने कार्य गरी सौन्दर्यकरण गरिएको

## ३.३ क्याम्पसको आर्थिक तथा वित्तिय अवस्था

क्याम्पस संचालनको प्रमुख आयस्रोत विद्यार्थीबाट लिइने शुल्क नै हो । उक्त आम्दानी दैनिक प्रशासनिक एवम् तलब भत्ताको लागि समेत पर्याप्त नभएकोले समय समयमा ऋण सापटी लिएर संचालन भइरहेको व्यहोरा सबैमा अवगत नै छ । क्याम्पसको नियमित संचालन गरिने कार्यका लागि समेत यथेष्ट स्रोत नभएकोले भौतिक पूर्वाधार निर्माणका लागि क्याम्पस व्यवस्थापन समिति तथा विभिन्न निकायहरुमा अनुरोध सहित विभिन्न पहल गर्नु परेको छ । यस समितिले आ.व. २०८१/०८२ को प्रस्तावित अनुमानित आय व्यय पारित गरी कार्य संचालन गर्ने प्रबन्ध मिलाईएको छ । क्यम्पसले प्रशासनिक खर्च, तलब भत्ता र भवन निर्माण गरी विभिन्न शिर्षकमा बजेट बिनियोजन गरेको छ । यस क्याम्पसको मुख्य चुनौतिको रुपमा रहेको आर्थिक समस्यालाई समाधान गर्नका लागि सम्बन्धित सबैको विशेष ध्यान जान जरुरी देखिएको छ। आ.ब. २०८०।०८१ को बार्षिक लेखा परिक्षण यसै साथ संलग्न छ ।

# L.K.

L.K. SHARMA & CO.
एल.के. शर्मा एण्ड कं.
**Auditor, Tax & Management Consultant**

Registration No. 1248 P.O. Box-487
Pokhara Nepal Phone - 9856021603

## लेखा परीक्षणको प्रतिबेदन

१. हामीले जनप्रकाश बहुमुखि क्याम्पस २०८१, आषाढ मसान्तको वासलात सो मितिमा समाप्त भएको आर्थिक बर्ष ०८०/०८१ को आम्दानी खर्च हिसाब र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ । आम्दानी खर्च र वासँलात विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनसमितिमा रहेको छ । व्यवस्थापनसमितिले तयार गरेका ती वित्तीय विवरणहरु उपर र लेखापरीक्षणको आधारमा आफ्नो मन्तब्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीबाट नेपाल लेखापरीक्षणमानको आधारमा लेखा परीक्षणका कार्य सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यी सिद्धान्तहरु अनुसार लेखापरीक्षण योजना तयार गरी तदअनुसार लेखा परीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनसमिति ले गरेका महत्वपूर्ण अनुमान एवम् वित्तीय विवरण प्रस्तुतिको आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

३. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एंवम् स्पष्टिकरणको साथै माग गरेको विवरण यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौ । जनप्रकाश बहुमुखि क्याम्पस को हिसाब किताब तथा श्रेस्ता प्रचलित कानून बमाजिम राखिएको छ । संलग्न वासलात, आम्दानी खर्च तथा नगद प्रवाह विवरणले उल्लेखित मितिमा समाप्त बर्षको क्रमश वचत तथा नगद प्रवाहको उचित एवम् यथार्थ चित्रण गदर्छ ।

४. हाम्रो रायमा संलग्न वित्तीय विवरणले २०८१ आषाढ मसान्तको आर्थिक अवस्था र सो मितिमा समाप्त भएको आर्थिक आम्दानी खर्च हिसाब तथा नगद प्रवाह विवरणले उल्लेखित मितिमा समाप्त वर्षको क्रमश नाफा तथा नगद प्रवाहको उचित एवम् यथार्थ चित्रण गर्दछ ।

५. हाम्रो विचारमा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सूचना तथा हामीले गरेको हिसाब किताबको परीक्षणबाट जनप्रकाश बहुमुखि क्याम्पस का कुनै पदाधिकारी वा कर्मचारीले लेखासँग सम्बन्धि कानूनी व्यवस्था विपरित कामकाज गरेको वा जनप्रकाश बहुमुखि क्याम्पस बेहिसाब गरेको वा संस्थालाई हानी नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

६. जनप्रकाश बहुमुखि क्याम्पस ले नेपाल सरकारको आयकर ऐन २०५८ अनुसार टि. डि. एस गरेको पाइयो ।

पोखरा
मितिः

एल. के. शर्मा एण्ड क

( एल. के शर्मा )

**जनप्रकाश बहुमुखी क्याम्पस**

**पोखरा-२९, भण्डारढीक, कास्की**

**नगद प्रवाह बिवरण**

**आ.व. २०८०/०८१ आषाढ मसान्त**

| बिवरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|
| क. संचालन बिधिबाट नगद प्रवाह | | |
| १,आयकर अगाडीको जम्मा संचित हिसाब | १,८३२,८२९.६७ | १५८,०६४.१४ |
| थपघट, | | |
| जोडः ह्रासकट्टि | १,५८०,९९८.८० | १,६६५,८०४.६६ |
| ब्याज खर्च | - | ७,४७५.१२ |
| पुर्वसंचालन खर्च | - | - |
| संचालक समितिको निर्णय अनुसार (उठ्न बांकी हिसाब) | - | - |
| आयकर तथा अन्य व्यवस्था | - | - |
| **कार्यसिल पूजिको समायोजन अधिको नगदप्रबाह** | **३,४१३,८२८.४६** | **१,८३१,३४३.९२** |
| कार्यशिल पूजिको समायोजन | | |
| क) चालु सम्पतीमा बृद्धि /कमी | - | - |
| ख) चालु दायीत्व तथा ब्यबस्थामा बृद्धि/कमी | २०८,६४८.९३ | १७९,९६२.०६ |
| संचालनबाट आय | ३,६२२,४७७.३९ | २,०११,३०५.९८ |
| लेस, ब्याज भुक्तान | - | (७,४७५.१२) |
| लेस ,अग्रिम आयकर र गतवर्षको कर | - | - |
| **संचालन गतिबिधिबाट नगद प्रबाह** | **३,६२२,४७७.३९** | **२,००३,८३०.८६** |
| २, लगानी गतिबिधिबाट नगद प्रबाह | | |
| क) स्थिर सम्पती बिक्री | - | - |
| ख) स्थिर सम्पती खरीद | (१,००९,१५९.३५) | (१,०३४,५०६.००) |
| ग) अग्रिम भुक्तान तथा डिपोजिटमा कमी/कमी | (६,६१३.९५) | ७,३०६.०० |
| घ) ख्याती | - | - |
| **खुद नगद बाह्य प्रबाह लगानी बाट** | **(१,०१५,७७३.३०)** | **(१,०२७,२००.००)** |
| ३, बितिय गतिबिधिबाट नगद प्रबाह | | |
| क) सुरक्षित ऋणमा बृद्धि | - | - |
| ख) लगानिमा कमि वृद्धि | - | - |
| **खुद नगद कोष प्रबाह बितिय लगानी बाट** | - | - |
| खुद नगदमा बृद्धि/कमि (१+२+३) | २,६०६,७०४.०९ | ९७६,६३०.८६ |
| जोड, शुरुमौज्दात , नगद तथा वैंक | २,२४८,०३७.७१ | १,२७१,४०६.८५ |
| **अन्तिम मौज्दात , नगद तथा बैंक** | **४,८५४,७४१.८१** | **२,२४८,०३७.७१** |
| | | |

अनुसूचि १ देखि १३ लेखाका अभिन्न अंग हुन ।

| लेखापाल | क्याम्पस प्रमुख | लेखा संयोजक | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|
| गणेश ... | ऋषिराम बुढाथोकी | सुरेन्द्रराज अधिकारी | विजय राज ... | एल.के. शर्मा |

ACCOUNTANT

लेखा संयोजक

CHAIRMAN

L.K. SHARMA & CO.
Pokhara, Lekhnath

**जनप्रकाश बहुमुखी क्याम्पस**

**पोखरा, भण्डारढीक, कास्की**

**वासलात**

**आ.ब. २०८०/०८१ आषाढ मसान्त**

| बिबरण | अनुसूचि | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| <u>पूंजि तथा दायीत्व</u> | | | |
| अक्षय कोष ( उमादवि भण्डारी ) | १२ | २००,०००.०० | २००,०००.०० |
| अक्षय कोष (बिन्दु कुमारी भण्डारी) | १२ | २००,०००.०० | - |
| अक्षय कोष ( एल.के शर्मा ) | १२ | ५०,०००.०० | २५,०००.०० |
| संचित जगेडा | ९ | २२,७३३,९८८.०९ | २०,९०१,१५८.४२ |
| विद्यार्थी धरौटि | | १८५,०००.०० | १८५,०००.०० |
| अन्य भुक्तानी दिन बांकी रकम | ११ | ६८९,२०९.९० | ७०५,५६०.९७ |
| **कुल जम्मा** | | २४,०५८,१९७.९९ | २२,०१६,७१९.३९ |
| <u>सम्पती तथा जायजेथा</u> | | | |
| अचल सम्पती | १० | १९,१८६,८४२.२३ | १९,७५८,६८१.६७ |
| <u>लगानी</u> | ८ | १०,०००.०० | १०,०००.०० |
| <u>चालु सम्पती</u> | | | |
| नगद तथा बैंक मौज्दात | ६ | ४,८५४,७४१.८१ | २,२४८,०३७.७१ |
| अग्रिम भुक्तान तथा डिपोजिट | ७ | ६,६१३.९५ | - |
| जम्मा | | ४,८६१,३५५.७६ | २,२४८,०३७.७१ |
| | | - | - |
| **कुल जम्मा** | | २४,०५८,१९७.९९ | २२,०१६,७१९.३९ |

अनुसूचि १ देखि १३ लेखाका अभिन्न अंग हुन ।

संलग्न अनुसूचि अनुसार

| लेखापाल | क्याम्पस प्रमुख | लेखा संयोजक | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|
| रमेश गुरुङ | ऋषिराम कुँडाथोकी | सुरेन्द्रराज अधिकारी | विजय भण्डारी | एल.के. शर्मा |

ACCOUNTANT

CAMPUS CHIEF

लेखा संयोजक

CHAIRMAN

L.K. SHARMA & CO. Tax & Management Consultant, R.Auditor, Pokhara, Lekhnath

**जनप्रकाश बहुमुखी क्याम्पस**
**पोखरा-२९, भण्डारढीक, कास्की**
**आ.ब. २०८०/०८१ आषाढ मसान्त**
**आम्दानि तथा खर्च विवरण**

| बिबरण | अनुसुचि | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| **आम्दानी** | | | |
| अनुदान (UGC) | १ | २,३५८,८००.०० | १,६६०,०००.०० |
| अनुदान गण्डकी प्रदेश सरकार | | ३४९,४५०.०० | ३४९,८००.०० |
| अनुदान पो.म.पा. वडा नं.-२९ | | ३८०,८५७.०० | - |
| आन्तरीक श्रोत | २ | ८,५३९,८७०.०० | ७,६३६,५३०.०० |
| अन्य आम्दानी (ब्याज) | ३ | १६१,२६६.८४ | ९४,३६८.६४ |
| **कुल आम्नादी जम्मा** | | ११,७९०,२४३.८४ | ९,७४०,६९८.६४ |
| **खर्च** | | | |
| शैक्षिक खर्च | ४ | ७,२९३,४०२.७७ | ७,१९८,८३०.९३ |
| सञ्चालन खर्च | ५ | १,०४६,२१७.६१ | ७१०,५२३.७९ |
| मर्मत खर्च | | ३६,७९५.०० | |
| ब्याज खर्च | | - | ७,४७५.१२ |
| ह्रास कट्टि | १० | १,५८०,९९८.८० | १,६६५,८०४.६६ |
| **जम्मा खर्च** | | ९,९५७,४१४.१८ | ९,५८२,६३४.५० |
| खुद मुनाफा / नोक्सान | | १,८३२,८२९.६७ | १५८,०६४.१४ |
| आयकर व्यबस्था | | - | - |
| **जम्मा संचित** | | १,८३२,८२९.६७ | १५८,०६४.१४ |

अनुसूचि १ देखि १३ लेखाका अभिन्न अंग हुन ।

लेखापाल — ACCOUNTANT
क्याम्पस प्रमुख — ऋषिराम घुडाथोकी
लेखा संयोजक — सुरेन्द्रराज अधिकारी
अध्यक्ष — विजय राज भण्डारी — CHAIRMAN
लेखापरीक्षक — एल.के.शर्मा एण्ड क.
L.K. SHARMA & CO. Tax & Management Consultant, Pokhara, Lekhnath

जनप्रकाश बहुमुखी क्याम्पस

पोखरा-१९, भण्डारढीक, कास्की

आ.व. २०८०/०८१ को स्थिर सम्पत्ति तथा ह्रास कट्टि विवरण

अनुसुचि १०

| सि न | विवरण | गत वर्षको | यस वर्षको | जम्मा मूल्य | दर % | ह्रास कट्टीको विवरण | | | यस वर्षको | गत वर्षको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खरीद रकम | खरीद मूल्य | | | गत वर्षको ह्रास | यस वर्षको ह्रास | जम्मा ह्रास | बाकी मूल्य | बाकी मूल्य |
| क | समुह क | | | | | | | | | |
| | जग्गा | कर्णिब १० रोपनी | - | - | | - | - | - | - | - |
| | भवन | २२,२४०,७३३.४४ | ५५६,२०४.८५ | २२,७९६,९३८.२९ | ५ | ५,३४३,१७१.०८ | ८७२,६८८.३६ | ६,२१५,८५९.४४ | १६,५८१,०७८.८५ | १६,८९७,५६२.३६ |
| | | २२,२४०,७३३.४४ | ५५६,२०४.८५ | २२,७९६,९३८.२९ | | ५,३४३,१७१.०८ | ८७२,६८८.३६ | ६,२१५,८५९.४४ | १६,५८१,०७८.८५ | १६,८९७,५६२.३६ |
| ख | समुह ख | - | - | - | | - | - | - | - | - |
| | फर्निचर, फिक्सचर | ३,२४९,६००.७७ | २२,५००.०० | ३,२७२,१००.७७ | २५ | २,१९४,२२२.०६ | २६९,४६९.६८ | २,४६३,६९१.७४ | ८०८,४०९.०३ | १,०५५,३७८.७१ |
| | कम्पुटर, प्रिन्टर तथा प्रोजेक्टर | १,२९८,८२०.०० | ३६४,४००.०० | १,६६३,२२०.०० | २५ | ७३४,३४२.६४ | २३२,२१९.३४ | ९६६,५६१.९८ | ६९६,६५८.०२ | ५६४,४७७.३६ |
| | टेलिफोन | ४,८००.०० | - | ४,८००.०० | २५ | १,२००.०० | ९००.०० | २,१००.०० | २,७००.०० | ३,६००.०० |
| | कार्यालय उपकरण | - | - | - | २५ | - | - | - | - | - |
| | कार्पेट,पर्दा तथा डेकोरेशन | २२४,४२१.०० | - | २२४,४२१.०० | २५ | ८६,३३३.४४ | ३४,५२१.८९ | १२०,८५५.३३ | १०३,५६५.६७ | १३८,०८७.५६ |
| | | ४,७७७,६४१.७७ | ३८६,९००.०० | ५,१६४,५४१.७७ | | ३,०१६,०९८.१४ | ५३७,११०.९१ | ३,५५३,२०९.०५ | १,६११,३३२.७२ | १,७६१,५४३.६३ |
| ग | समुह ग | | - | | | - | - | - | - | - |
| | सवारी साधन | - | - | - | २० | - | - | - | - | - |
| | | - | - | - | | - | - | - | - | - |
| घ | समुह घ | | | | | - | - | - | - | - |
| | अन्य ह्रास योग्य सम्पति | १३३,९२२.७५ | - | १३३,९२२.७५ | १५ | ७७,५३४.३७ | ८,४५८.२६ | ८५,९९२.६३ | ४७,९३०.१२ | ५६,३८८.३८ |
| | व्याट्रि खरीद | २२,६००.०० | - | २२,६००.०० | १५ | ३,३९०.०० | २,८८१.५० | ६,२७१.५० | १६,३२८.५० | १९,२१०.०० |
| | अग्नि नियन्त्रक यन्त्र | ७,९१०.०० | - | ७,९१०.०० | १५ | १,१८६.५० | १,००८.५३ | २,१९५.०३ | ५,७१४.९८ | ६,७२३.५० |
| | मेटल बोर्ड | - | ६,१५८.५० | ६,१५८.५० | १५ | - | ९२३.७८ | ९२३.७८ | ५,२३४.७३ | - |
| | वाटर डिस्पेन्सर | - | ६,८००.०० | ६,८००.०० | १५ | - | १,०२०.०० | १,०२०.०० | ५,७८०.०० | - |
| | फोन सेट, मोबाइल | १८,८००.०० | - | १८,८००.०० | १५ | ७,२५४.४५ | १,७३१.८३ | ८,९८६.२८ | ९,८१३.७२ | ११,५४५.५५ |
| | पुस्तक | १,५२९,२६५.०० | ५३,०९६.०० | १,५८२,३६१.०० | १५ | ५९६,४५६.७५ | १४७,८८५.६४ | ७४४,३४२.३९ | ८३८,०१८.६१ | ९३२,८०८.२५ |
| | इ एम् आइ एस सफ्टवयर | ९०,०००.०० | - | ९०,०००.०० | १० | १७,१००.०० | ७,२९०.०० | २४,३९०.०० | ६५,६१०.०० | ७२,९००.०० |
| | | १,८०२,४९७.७५ | ६६,०५४.५० | १,८६८,५५२.२५ | | ७०२,९२२.०७ | १७१,९९९.५३ | ८७४,९२१.६० | ९९४,४३०.६५ | १,०९९,५७५.६८ |
| | जम्मा | २८,८२०,८७२.९६ | १,००९,१५९.३५ | २९,८३०,०३२.३१ | | ९,०६२,१९१.२९ | १,५८०,९९८.८० | १०,६४३,१९०.०९ | १९,१८६,८४२.२३ | १९,७५८,६८१.६७ |

ACCOUNTANT
गणेश गुरुङ

लेखा संयोजक
लेखा संसुचालक अधिकारी

क्याम्पस प्रमुख
ऋषिराम बुढाथोकी

अध्यक्ष
विजय राज भण्डारी
CHAIRMAN

लेखापरीक्षक
एल के शर्मा एण्ड कं.

जनप्रकाश बहुमुखी क्याम्पस

पोखरा-२९, भण्डारढीक, कास्की

आ.ब. २०८०।०८१ को आम्दानि, खर्च तथा वासलातसंग सम्वन्धित अनुसुचिहरु

आम्दानी विवरण

अनुसूचि १

| क. स | विवरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | विश्वविद्यालय अनुदान आयोग (नियमित) | १,४११,८००.०० | १,६६०,०००.०० |
| २ | विश्वविद्यालय अनुदान आयोग (NEHEP) | ३३२,०००.०० | - |
| ३ | विश्वविद्यालय अनुदान आयोग (रिफरेसर कोर्ष) | १२५,०००.०० | - |
| ४ | विश्वविद्यालय अनुदान आयोग (पुस्तक) | ४९०,०००.०० | - |
| | जम्मा | २,३५८,८००.०० | १,६६०,०००.०० |

आन्तरीक श्रोत

अनुसूचि २

| क. स | विवरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | मासिक शुल्क | ३,७३४,३५०.०० | ३,५४५,६००.०० |
| २ | भर्ना शुल्क | ३,०३८,३५०.०० | २,११८,७००.०० |
| ३ | परिक्षा शुल्क | ६९२,६००.०० | ७७८,५००.०० |
| ४ | आवेदन शुल्क | १८,३००.०० | १२,२००.०० |
| ५ | अन्य शुल्क | ६४,२६०.०० | १४८,५१०.०० |
| ६ | रजिष्ट्रेशन शुल्क | ३१४,१००.०० | ३२१,०००.०० |
| ७ | प्रमाण पत्र | ४२,०००.०० | २२,०००.०० |
| ८ | लाइब्रेरी शुल्क | २२०,०००.०० | ३५६,५००.०० |
| ९ | परीचय पत्र शुल्क | २७,३००.०० | २४,४००.०० |
| १० | इन्ट्रान्सीप शुल्क | १,३००.०० | २,२००.०० |
| ११ | सिफारिस शुल्क | १२,०००.०० | ९,५००.०० |
| १२ | विद्यार्थी कल्याणकारी शुल्क | २०२,१००.०० | २०२,७००.०० |
| १३ | विलम्व शुल्क | ९९,२१०.०० | ८,२२०.०० |
| १४ | स्थानान्तरण शुल्क | ४,०००.०० | ४,०००.०० |
| १५ | परीयोजना कार्य शुल्क प्रजेक्ट वक | ७०,०००.०० | ८२,५००.०० |
| | जम्मा | ८,५३९,८७०.०० | ७,६३६,५३०.०० |

अन्य आम्दानी

अनुसूचि ३

| क. स | विवरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | वैक व्याज आम्दानी | १६१,२६६.८४ | ९४,३६८.६४ |
| | जम्मा | १६१,२६६.८४ | ९४,३६८.६४ |

| लेखापाल | क्याम्पस प्रमुख | लेखा संयोजक | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|
| [illegible] गुरुङ | ऋषिराम वुढाथोकी | सुरेन्द्रराज अधिकारी | विजय राज भण्डारी | एल.के.शर्मा एण्ड क. |

ACCOUNTANT CAMPUS CHIEF लेखा संयोजक CHAIRMAN

L.K. S... Tax & Management Consultant & CO. Pokhara, Lekhnath

जनप्रकाश बहुमुखी क्याम्पस
पोखरा-२९, भण्डारढीक, कास्की
आ.ब. २०८०।०८१ को आम्दानि, खर्च तथा वासलातसंग सम्बन्धित अनुसुचिहरु

शैक्षिक खर्चको — अनुसूचि ४

| क्र. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | तलब | ६,५७२,८३१.३३ | ६,२५३,६६७.४३ |
| २ | छात्रवृत्ति खर्च | २०२,५००.०० | ३२२,०००.०० |
| ३ | परीक्षा खर्च | २९७,२६७.५० | ३३६,९९२.५० |
| ४ | रजिष्ट्रेशन खर्च | ७९,०००.०० | ८४,५००.०० |
| ५ | दै.भ्र.भ खर्च | ४४,५००.०० | ६४,५००.०० |
| ६ | यातायात खर्च | ३६,९४०.०० | ८५,७२५.०० |
| ७ | अतिथि सत्कार खर्च | ६०,३६३.९४ | ५१,४४६.०० |
| | जम्मा | ७,२९३,४०२.७७ | ७,१९८,८३०.९३ |

संचालन खर्च — अनुसूचि ५

| क्र. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | विद्युत, पानी महशुल | ३०,०५४.०० | ३०,९५४.०० |
| २ | छपाइं तथा मसलन्द | १८,०८०.०० | १९,८८८.०० |
| ३ | स्टेशनरी | १०२,५८३.७९ | ६५,२३६.५० |
| ४ | टेलिफोन तथा नेट खर्च | १२,०००.०० | १२,०००.०० |
| ५ | ले.प.शुल्क | ५०,०००.०० | २५,०००.०० |
| ६ | विविध खर्च | २९,११६.०० | २६,०१५.०० |
| ७ | अफिस खर्च | १२०,२१८.०० | - |
| ८ | कार्यालय चिया खाजा खर्च | ५०,४९०.०० | २५,०१५.०० |
| ९ | भर्ना प्रचार प्रसार खर्च | ४४,३१०.०० | २२,०१५.०० |
| १० | परीचयपत्र खर्च | ६१,५८०.०० | ८,६६०.०० |
| ११ | पत्रपत्रिका खर्च | ४,९५०.०० | ४,८५०.०० |
| १२ | तालिम खर्च | - | ३,५००.०० |
| १३ | तिज कार्यकम खच | २२,९४०.०० | - |
| १४ | ज्याला | २२,५००.०० | ४,७००.०० |
| १५ | वैक कमिसन | १,०४५.०० | १,८१०.०० |
| १६ | ईन्धन खर्च | २३,८२०.०० | १५,१००.०० |
| १७ | सदस्यता शुल्क | - | ७४,१८०.०० |
| १८ | उद्यमशिलता विकाश तालिम खच | ५३,४९०.०० | - |
| १९ | सरसफाई खर्च | ११,७५५.०० | - |
| २० | क्याम्पस नविकरण खर्च | ३,०००.०० | ३१,०००.०० |
| २१ | नेट खर्च | ९,५००.०० | १०,०००.०० |
| २२ | पोशाक खर्च | - | ५०,०००.०० |
| २३ | मेडिकल खर्च | २,२९०.०० | - |
| २४ | वृक्षारोपण खर्च | - | १०,३००.०० |
| २५ | पूर्नताजकि कार्यकम खर्च | ७७,७६५.०० | - |
| २६ | नेपाल पब्लिक क्याम्पस सघं खर्च | २,५००.०० | ५४,०००.०० |
| २७ | स्वागत तथा विदाई कायक्रम खर्च | - | ३५,९७५.०० |
| २८ | खेलकुद खर्च | २७,६५०.०० | ४५,९५५.०० |
| २९ | वेवसाइड तथा सफटवयर नविकरण | ९५,०३०.०० | ६४,५२०.०० |
| ३० | विद्यार्थी कल्याणकारी खर्च | ६१,९९०.०० | २९,५७०.०० |
| ३१ | प्रजेक्ट वर्क खर्च | ७,१५०.०० | ८,५२५.०० |
| ३२ | वैक ब्याज कर | १७,६७१.०४ | ११,७५५.२९ |
| ३३ | अनुसन्धानात्मक कायक्रम खर्च | १९,५७४.९८ | २०,०००.०० |
| ३४ | NEHEP खर्च | ६३,१६४.८० | - |
| | जम्मा | १,०४६,२१७.६१ | ७१०,५२३.७९ |

| लेखापाल | क्याम्पस प्रमुख | लेखा संयोजक | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|
| [illegible] गुरुङ्ग | ऋपिराम बुढाथोकी | सुरेन्द्रराज अधिकारी | विजय राज [illegible]री | एल.के. शर्मा एण्ड कं. |

## जनप्रकाश बहुमुखी क्याम्पस
पोखरा-२९, भण्डारढीक, कास्की

आ.ब. २०८०।०८१ को आम्दानि खर्च तथा वासलातसंग सम्वन्धित अनुसुचिहरु

नगद तथा बैंक मौज्दात — अनुसुचि ६

| क. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | नगद मौज्दात | - | ६,५३०.०० |
| २ | ग्लोवल आइ.एम.ई बैंक | ७७,५३०.०५ | ३०,८१३.२१ |
| ३ | नेपाल बैंक लि. मुद्धति | ६५०,०००.०० | ६५०,०००.०० |
| ४ | नेपाल बैंक लि.चल्ति | २९,३८२.०० | १४,९८०.६८ |
| ५ | राष्ट्रिय वाणिज्य बैंक लि. | २,०५६,५०४.८९ | १,२७२,५४९.८७ |
| ६ | राष्ट्रिय वाणिज्य बैंक लि. मुद्धति | १,५००,०००.०० | - |
| ७ | सेन्चुरी बैंक लि. | २,११५.७२ | २,४१५.७२ |
| ८ | लेखनाथ सामुदायीक बचत तथा ऋण सहकारी सं. लि मुद्धति | ४५०,०००.०० | २२५,०००.०० |
| ९ | लेखनाथ सामुदायीक बचत तथा ऋण सहकारी स. लि बचत | ८९,२०९.१५ | ४५,७४८.२३ |
| | जम्मा | ४,८५४,७४१.८१ | २,२४८,०३७.७१ |

अग्रिम भुक्तान तथा डिपोजिट — अनुसुचि ७

| क. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | अर्जुन ओझा | ३,४८५.८४ | - |
| २ | युवराज लामिछाने | ३,१२८.११ | - |
| | जम्मा | ६,६१३.९५ | - |

लगानी हिसाव — अनुसुचि ८

| क. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | लेखनाथ सामुदायीक बचत तथा ऋण सहकारी सस्था | १०,०००.०० | १०,०००.०० |
| | जम्मा | १०,०००.०० | १०,०००.०० |

संचित जगेडा हिसाब — अनुसुचि ९

| क. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | गतवर्ष सम्मको जगेडा | २०,९०१,१५८.४२ | २०,७४३,०९४.२८ |
| २ | यसवर्षको संचित | १,८३२,८२९.६७ | १५८,०६४.१४ |
| | जम्मा | २२,७३३,९८८.०९ | २०,९०१,१५८.४२ |

चालु दायीत्व तथा व्यवस्याहरु — अनुसुचि ११

| क. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | ले.प.शुल्क | ५०,०००.०० | २५,०००.०० |
| २ | तलव | २६१,५३४.५५ | ४९६,१५५.४२ |
| ३ | आ.रा.का. पोखरा | ३७७,६७५.३५ | १८४,४०५.५५ |
| | जम्मा | ६८९,२०९.९० | ७०५,५६०.९७ |

अक्षय कोप — अनुसुचि १२

| क. स | बिबरण | चालु बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|
| १ | अक्षय कोप (उमादेवि भण्डारी) | २००,०००.०० | २००,०००.०० |
| २ | अक्षय कोपे (विन्दु कुमारी भण्डारी) | २००,०००.०० | - |
| ३ | अक्षय कोप (एल.के शर्मा पोखरा-२७, तालचोक) | ५०,०००.०० | २५,०००.०० |
| | जम्मा | ४५०,०००.०० | २२५,०००.०० |

| लेखापाल | क्याम्पस प्रमुख | लेखा संयोजक | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|
| [illegible] | ऋषिराम बुढाथोकी | सुरेन्द्रराज अधिकारी | विजय राज भण्डारी | एल.के.शर्मा एण्ड क. |

ACCOUNTANT

लेखा संयोजक

L.K. SHARMA & CO. Tax & Management Consultant, Pokhara, Lekhnath, R.Auditor

## ३.४ शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको विवरण

क्याम्पस सञ्चालन गर्नका लागि क्याम्पसको विधान, विनियम अनुसार स्थायी, अस्थाई पूर्णकालिन र आंशिक शिक्षक तथा कर्मचारीहरुको व्यवस्था गरिएको छ। यस आ.व.मा क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारी

**शिक्षक तर्फ :**

| क्र.सं. | विषय | किसिम | संख्या |
|---|---|---|---|
| १ | ब्यबस्थापन | स्थायी | २ |
| २ | अंग्रेजी | पूर्णकालिन | १ |
| ३ | बणिज्य कानुन | करार | १ |
| ४ | अर्थशास्त्र | करार | २ |
| ५ | ब्यबस्थापन | करार | ४ |
| ६ | तथ्याङ्कशास्त्र | स्थायी | १ |
| ७ | लेखाशास्त्र | पूर्णकालिन | २ |
| | | जम्मा | १३ |

क्याम्पसमा बिध्यार्थीहरुको भर्ना संख्याको आधारमा प्रध्यापकहरुको नियुक्ती र अवकास हुने छ। पुर्णकालिन प्राध्यापकहरुलाई कार्यभार पुगेपछी मात्र करारका प्राध्यापकहरुलाई कार्यभार दिईनेछ।

**कर्मचारी तर्फः**

| क्र.सं. | शखा | किसिम | संख्या |
|---|---|---|---|
| १ | लेखापाल | स्थायी | १ |
| २ | लाईब्रेरी कर्मचारी | पूर्णकालिन | १ |
| ३ | सहायक कर्मचारी | पूर्णकालिन | १ |
| | | जम्मा | ३ |

**विद्यार्थी तर्फ :**

क्याम्पस सञ्चालनको प्रमुख आधारनै विद्यार्थी हुन्। क्याम्पसले विद्यार्थीहरुलाई प्रदान गर्नेगुणस्तरीय शिक्षा छात्रवृत्ति लगायत अन्य कुनै पनि सेवा र सुविधामा आफ्नो साधन र स्रोतले भ्याएसम्म लागि परेको छ। आगामी दिनमा पनि अझ गुणस्तरीय शिक्षा प्रदान गर्न क्याम्पस प्रतिवद्ध छ। शैक्षिक शत्र २०८० मा क्याम्पसका विद्यार्थी विवरणहरु निम्न लिखित रहेका छन्। यस सम्बन्धी software सन्चालनमा छ। शैक्षिक सत्र २०८१ को भर्ना नियमित भैरहेको हुंदा यो संख्या यसमा समावेश गरिएको छैन। **janaprakash.inschoollerp.com**

**जनप्रकाश बहुमुखी क्याम्पस २०८० मा बिध्यार्थीहरुको संख्या**

| **वर्ष** | **वी.वी.एस्.** | **जम्मा विद्यार्थी संख्या** |
|---|---|---|
| प्रथम | १९० | १९० |
| द्वितीय | १११ | ३०१ |
| तृतीय | ८४ | ३८४ |
| चौथो बर्ष | ४३ | ४२८ |

## Progress (प्रगति)
## Education Pedagogy:

क्याम्पसको अध्यापन बिधि हालसम्म परम्परागत किसीमले चलिआएकोमा अव उपरान्त यसलाई समय सापेक्ष आधुनिकीकरण गर्दै लैजाने लक्ष्यका साथ काम भईरहेको छ । समय समयमा यस क्याम्पसमा Multi Media Projector बाट कक्षा संचालन गरिने गरिएको छ । आगामी दिनमा यसलाई अझ प्रभाबकारी गराईने छ । गत बर्ष सम्म जम्मा २ वटा कक्षा कोठामा Multi Media Projector जडान भई पठन पाठन भएकोमा बर्ष २०८० मा थप ५ वटा कक्षा कोठा गरी ७ वटा कक्षा कोठामा Multi Media Projector जडान गरिएको छ । एक थान Multi Media Projector बाट घुम्ती कक्षा संचालनको प्रबन्ध मिलाईएको छ । क्याम्पसमा उपलब्ध Internet सुबिधाबाट बिद्यार्थीहरुलाई अध्ययन गर्न, नयां नयां कुराहरुको जानकारी लिन सहयोग हुने विश्वास लिईएको छ । आगामी दिनमा SmartBoard को प्रयोग र जडानलाई ध्यान दिईनेछ ।

क्याम्पसले पहिलो पटक अनुसन्धान सम्बन्धी गोष्ठी तथा सेमीनारको आयोजनालाई थप गरेको छ । यसै बर्ष २०८० मा Janaprakash Journal of Multidiciplinary Research Journal 2023 प्रकाशन गरेको छ । यसलाई बार्षिक रुपमा प्रकासन गरिनेछ । क्याम्पसले मिति २०८१।०३।१० देखी १२ सम्म Refreshment Course सम्बन्धमा ३ दिने गोष्ठी सन्चालन गरेको छ । क्याम्पसका प्राध्यापकहरुले जलकुम्भी सम्बन्धमा अनुसन्धान तथा खोजको काम यु जि सी को सहयोग माग्दै हुनुहुन्छ। मिति२०८१।०३।२०-२२ सम्म गुप्तेश्वर बहुमुखी क्याम्पसमा संचालित International Conference मा क्याम्पसका उप प्रध्यापकहरु क्रमश अर्जुन ओझा, युवराज लामिछाने र गोपीराज अधिकारीले Paper Presentation गर्नुभएको छ ।

छात्रबृत्ति तर्फ शैक्षिक सत्र २०८०मा प्रथम बर्षका ८ जना र दोश्रो वर्षका ३ जना बिद्यार्थीहरुले यु.जि.सी बाट गरिव तथा जेहेन्दार छात्रबृत्ति प्राप्त गरिसकेका छन । आ व २०८१ का लागी पनी उनिहरुको छात्रबृत्ती नविकरण भै सकेको छ । शैक्षिक सत्र २०८० मा प्रथम बर्षमा गरिब तथा जेहेन्दार मा ७ जना बिध्यार्थीहरुले छात्रबृत्ति प्राप्त गरेका छन भने १ जना बिद्यार्थीले दलिततर्फ छात्रबृत्ति प्राप्त

गर्नेछन् । क्याम्पसले गरिव तथा जेहेन्दार बिद्यार्थीहरुलाई छात्रबृत्ति निरन्तर दिंदै आएको छ । यसलाई आगामी बर्षहरुमा पनी निरन्तरता दिईनेछ । आ ब २०७९।०८० मा ३२२०००.०० अक्षरुपी (तिनलाख बाईसहजार मात्र ) रकम क्याम्पसको तर्फबाट छात्रबृत्ति दिएकोमा आ ब २०८०।०८१ मा२०२५००.०० (अक्षरुपी दुईलाख दुईहजार पांचसय मात्र) रकम छात्रबृत्ति दिईएको छ ।

क्याम्पसमा सम्पत्तीहरु थप हुंदै गएकोले यी सम्पत्तीहरुको सुरक्षाका साथै युग सापेक्ष हुनेगरी बर्ष २०८१ मा CCTV को जडान गरिनेछ । यसै गरी क्याम्पसलाई Digitalization तर्फ अगाडी बढाईने छ ।

**बिबिध बिधि (Educational Pedagogy)**

बिबिध बिधि अन्तरगत परम्परागत ब्याख्यात्मक Lecture शिक्षण बिधिलाई क्रमश बिस्थापित गर्दै बिक्षण सिकाई कियाकलापलाई अझ बढी प्रभावकारी र बिद्यार्थीमुखी बनाउन समुह छलफल, फिल्ड भिजिट र प्रस्तुतिकरण (Field Visit and Presentation) घट्ना अध्ययन (Case Study), सहभागितात्मक बिधि (Participatory Method) जस्ता शिक्षण बिधिहरुको प्रयोग गर्नुका साथै शिक्षण सिकाई कियाकलापमा प्राध्यापकहरुलाई मल्टिमिडिया प्रोजेक्टर (Multimedia Projector) को प्रयोग गर्न प्रोत्साहन गरिएको छ ।

**बिबिध**

| Particulars | 2077/078 | 2078/079 | 2079/080 | 2080/081 |
|---|---|---|---|---|
| Working days of the institution | | | | |
| Teaching Days set by the University | 150 | 150 | 150 | |
| Teaching Days set by Campus | 225 | 225 | 225 | |
| Teaching days per Semester year | - | - | - | |
| Working days per year | 225 | 225<br>Physical :106<br>Online :119<br>Total :225 | 225<br>Physical: 155<br>Online: 70<br>Total :225 | |
| Working days of the library | 247 | 297 | 297 | |
| Books In Library | 4292 | 4962 | | |
| Journal/Periodicals Subscribed by the Library | | | | |
| Computers in the Institution | 15 | 15 | 12 | |
| Projector in Campus | 2 | 2 | 4 | |
| Desk and Bench in Campus | 107 | 107 | 107 | |
| Research Projects Completed | | | | |

| | | | | |
|---|---|---|---|---|
| Teachers who have received national recongnition for teaching /Research/Consultancy | | | | |
| Teachers who have received national recognition for teaching /reaearch /consultancy | | | | |
| No of hours of instruction against the paln ( per year or per semester) | | | | |

**Physical Progress (भौतिक प्रगति)**

यस क्याम्पसले स्थापनाकालदेखि करिब एघार बर्ष जनप्रकाश उच्च मा. बि. को भवनमा कक्षा संचालन गर्दै आएको थियो । २०७३ सालको कार्तिकमा आफ्नै स्वामित्वमा रहेको यसै भवनमा आफ्ना शैक्षिक एवं प्रशासनिक कामकाजहरू गर्दै आएको छ। विभिन्न निकायहरु समक्ष अनुदान सहयोगका लागि पनि क्याम्पसको आफ्नै भोगाधिकार रहेको स्वामित्वमा जग्गा हुनुपर्ने यथार्थलाई मनन् गरी यस क्याम्पसले जनप्रकाशमा मा.बि.को सहमति तथा सिफारीसमा तत्कालिन लेखनाथ नगरपालिका र हालको पोखरा महानगरपालिकाले भोगाधिकार दिएको जग्गामा संचालनमा रहेको कुरा सर्वविदितै छ। उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग, स्थानीय बिकास मंत्रालय, लेखनाथ नगर पालिका कार्यालय, सांसद बिकास कोषको रकम जिल्ला बिकास समिति कास्की मार्फत, स्थानीय चन्दा सहयोग तथा आन्तरिक स्रोतको परिचालनबाट प्राप्त अनुदान रकम खर्च गरी सुबिधा सम्पन्न भवन निर्माणाधिन अबस्थामा छ। भुई तलामा पठन पाठन संचालन भईरहेको र प्रथम तलामा केही महिना पछि बांकी रहेको काम सम्पन्न गरी पठन पाठन संचालन गरिनेछ। त्यसका लागि स्रोतको खोजी भईरहेको छ। हाल सञ्चालित भवनमा १४ कोठा रहेका छन्, । तीमध्ये

- क्याम्पस संचालक समितीको कोठा १
- क्याम्पस प्रमुखको कोठा १
- सहायक क्याम्पस प्रमुख र प्राध्यापकहरु को कोठा १
- लेखापाल सहितको कोठा १,
- कक्षा कोठा ९
- सभा हल १
- यस लाई बिभाजन गरी Research Head, Examination co ordinator का लागी क्याबिनेटहरु बनाउने
- पुस्तकालय भएको कोठा एक

**क्याम्पसका बिशेषताहरु**

१) शान्त र मनोरम वातावरण
२) यातायातको सुबिधा
३) दक्ष र अनुभवी प्राध्यापकहरुबाट अध्यापन गराईने
४) अंग्रेजी र नेपाली माध्यममा कक्षा संचालन
५) व्यवहारिक ज्ञानको लागि स्थलगत अध्ययन भ्रमण
६) नि.शुल्क ईन्टरनेट सेवाको उपलब्धता
७) पर्याप्त खेल मैदान र अतिरिक्त क्रियाकलाप
८) बिभिन्न माध्यमबाट अध्ययन अध्यापन गराईने
९) Online class संचालन (कोभिड १९ को कारण क्याम्पसले अनलाई कक्षालाई आबस्यकता अनुसार संचालन गरेको)

**क्याम्पस संचालक समिति तथा उपसमितीहरु**

यस क्याम्पस संचालक समितिको गठन क्याम्पसको बिधान बमोजिम गरिन्छ । क्याम्पस संचालक समितीको कार्यकाल ३ बर्षको हुनेछ। क्याम्पसमा १ अध्यक्ष र क्याम्पस प्रमुख समेत १५ जनाको क्याम्पस संचालक समिती हुनेछ । एक जना त्रि.बि. प्रतिनिधी हुने ब्यबस्था बिधानमा मिलाईएको छ । पछिल्लो पटक क्याम्पसको अधिवेसन २७ फाल्गुन २०७८मा भएको थियो । क्याम्पसको बिधान र नियमावलीले ब्यबस्था गरे अनुसार बिभिन्न उपसमितिहरुले आफ्नो काम गरेका छन ।

**संगठनात्मक स्वरुप**

क्याम्पसको सिनेट सभा सर्बोच्च निकाय हो । यसले क्याम्पस संचालक समिति गठन गर्दछ । यसमा १३६ जना सिनेट सदस्यहरु रहेका छन । यसले बार्षिक नीति तथा कार्यक्रमहरुलाई पास गर्ने काम गर्दछ। क्याम्पस प्रमुखलाई पूर्ण कार्यकारी अधिकार दिइएको छ। क्याम्पस संचालन समिति १५ सदस्य रहने ब्यबस्था बिधानमा गरिएको छ। सिनेटले क्याम्पसका अध्यक्ष छनोट गरी त्रि.बि.बि.मा सुचना दिने ब्यबस्था रहेको छ । बांकी सदस्यहरु निर्बाचन पद्धतिबाट छानिनेछन । निर्बाचन सम्पन्न गर्नकालागि क्याम्पसका सिनेट सदस्य संयोजक रहेको निर्बाचन संयोजक ले आबस्यकता अनुसार सदस्य वा सहयोगी लिएर निर्बाचन सम्पन्न गर्ने ब्यबस्था छ। निर्बाचन मण्डलका संयोजक अधिवक्ता हुने अभ्यास यस क्याम्पवसमा रहेको छ । संचालक समितिले ४ बर्षको कार्यकाल हुने गरी क्याम्पस प्रमुखको नियुक्ती गर्दछ तर क्याम्पस प्रमुखको पद खाली हुने छैन। आबस्यकता अनुसार क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस संचालक समितिको अनुमोदन पछि २ बर्ष कार्यकाल रहने गरी सहायक क्याम्पस प्रमुखको नियुक्ती क्याम्पस प्रमुख बाट हुने ब्यबस्था बिधानमा रहेको छ। क्याम्पसका कामलाई छिटो छरितो ढंग बाट सम्पन्न गर्न, पारदर्शी र जवाफदेहिता कायम गर्न उप समितिहरुको गठन गर्ने र कार्य सम्पन्न गर्ने ब्यबस्था बिधानमा रहेको छ ।

**QAA सम्बन्धी ब्यवस्था र संयोजकहरु**

जनप्रकाश बहुमुखी क्याम्पसले QAA प्राप्त गर्नका लागी अनबरत कार्य गरिरहेको छ। हाल विश्वबिद्यालय अनुदान आयोग बाट यस सम्बन्धमा SSR को अध्ययन पस्चात PRT गठन भई Pre Visit सम्पन्न मिति २०७९।०४।१८-२० भएको मा यस सभालाई जानकारी गराउन चाहन्छु ।

१) संयोजक प्रा डा रेजिना मास्के

२) सदस्य तथा यु जि सी प्रतिनिधि आस्मा अधिकारी

**थप संकाय सम्बन्धी लक्ष्य**

क्याम्पस स्थापना काल र हालको अबस्थामा धेरै भिन्नता रहेको छ। क्याम्पसले आफुलाई समयानुकुल गतिशील र परिमार्जन गर्दै लगेको छ । २६ जना बिद्यार्थीबाट स्थापना भएको क्याम्पसमा हाल ४३० जना बिद्यार्थी रहेकोले हुदा अव अन्य संकाय वा स्तरोन्तनी गर्नु पर्ने भएकोले क्याम्पसले भविष्यमा निम्न बिषयहरु थप गरी स्तरबृद्धि गर्ने लक्ष्य राखेको छ । त्रि.बि.बि.संग निम्न बिषयमा थप सम्बन्धन माग गरिनेछ ।

१) प्राबिधिक र रोजगारी सृजना गर्ने जस्तै BHM/BTTM सम्बन्धी बिषयमा सम्बन्धन लिएर स्नातक तह थप गर्ने ।

२) एम.बि.ए.मा स्नातकोत्तर तह सम्बन्धन लिएर संचालन गर्ने

३) अन्य संकाय (संभावनाका आधारमा संचालक समितिले निर्णय गर्ने)

नेपालको चौतर्फी बिकासकालागि पर्यटन वा होटल म्यानेजमेन्ट सम्भाबित र अवसर लिन सकिने बिषय भएको हुदा स्नात्तक तहमा यो विषयमा अध्यन अध्यापन गराउन त्रि.बि.बि. सँग सम्बन्धन माग गरिने छ। यो बिषयलाई दिनमा कक्षा संचालन गरिने लक्ष्य राखिएको छ। यसले भविष्यमा क्याम्पसमा बिद्यार्थी संख्यामा पनि बृद्धि गर्न सघाऊ पुऱ्याउने विश्वास लिईएको छ ।

## Educational Aids

a) **Educational Equipments:** क्याम्पसको पठन पाठनमा Multimedia Projector प्रयोगमा ल्याउने कममा रहेको, Internet 1400 kbps को प्रयोग भइरहेको छ । सर्ब कक्षा कोठामा Multimedia Projector जडान गरिनेछ ।

b) **Books/Journals/ Reference Materials :** हाल क्याम्पसमा जम्मा ५११९ भन्दा धेरै पाठ्यपुस्तक रहेका छन ।

c) **Furniture :** क्याम्पसलाई आवश्यक फर्निचरको अभाब रहेको छ । हाल क्याम्पसमा १०७ थान मात्र डेक्स, बेन्च रहेका छन । अन्य फर्निचर तथा टेवलको अभाब रहेको छ । भविष्यमा प्राथमिकता अनुसार यो अभाब पुरा गर्दै गईनेछ ।

**Financial Progress (बित्तिय प्रगती):** क्याम्पसको बित्तीय प्रगति सुधारोन्मुख रहेको छ । क्याम्पसको आम्दानीको. प्रमुख स्रोत भनेको बिद्यार्थीहरुले तिर्ने शुल्क नै हो । आफ्नो स्थायी आम्दानीको स्रोत रहेको छैन । यस बाहेक UGC ले दिने अनुदान, स्थानीय सरकारबाट प्राप्त सहयोग नै यस क्याम्पसको आम्दानीको स्रोत हो । क्याम्पसको आय ब्यय तथा आम्दानी तथा खर्चको सम्पूर्ण विवरण लेखा परीक्षण प्रतिवेदनमा समावेस गरिएको छ ।

**Analysis of Financial Resources (बित्तीय स्रोत को विश्लेषण)**

**Income of Last Three years बिगत तिन बर्षको आम्दानी**

| | |
|---|---|
| 2076/077 | 11064148.43 |
| 2077/078 | 6755005.76 |
| 2078/079 | 8926194.65 |
| 2079/080 | 9740698.64 |
| 2080/081 | 11790243.84 |

**Expenditure Analysis of the Last Three years बिगत तिन बर्षको खर्च बिश्लेषण**

| | |
|---|---|
| 2076/077 | 7004956.60 |
| 2077/078 | 5837423.36 |
| 2078/079 | 9117881.19 |
| 2079/080 | 9582634.50 |
| 2080/081 | 9957414.18 |

## सामाजीक प्रगति (Social Progress)

जनप्रकाश बहुमुखी क्याम्पस समुदायमा संचालित क्याम्पस भएको हुनाले समाजसंग यसको महत्वपुर्ण र सुमधुर सम्बन्ध रहेको छ । नाफा रहित सामुदायीक क्याम्पसको सामाजिक उत्थान र बिकासमा महत्वपुर्ण सम्बन्ध हुने भएकोले यस क्याम्पसले सामाजिक बिकासमा टेवा पुऱ्याउने खालका कामहरुमा सहयोग गरेको छ । नगरको दिगो बिकासका योजना तर्जुमा देखि वडाका योजना तर्जुमा, दिगो बिकासका आधारहरु पहिल्याउने कार्यहरु, समाजलाई सकारात्मक सोच तर्फ अगाडी बढाउने काममा यस क्याम्पसले योगदान गरेको छ ।

**जनप्रकाश बहुमुखी क्याम्पसको समुदायप्रति योगदान पुऱ्याउने योजना**

- आर्थिक रुपमा कमजोर बिद्यार्थीका लागि विशेष छात्रबृत्तिको योजना
- समाजमा बिपन्न बर्ग जस्तै जनजाति, दलित र शैक्षिक रुपमा पिछडिएका बिद्यार्थीलाई सर्बसुलभ उच्च शिक्षा प्रदान गर्ने
- शिक्षाको पहुँच पुऱ्याउने
- निशूल्क स्वास्थ शिविरहरु संचालन

- रक्तदान कार्यक्रम संचालन गर्ने
- स्थानीय समुदायलाई रोजगारमुलक शिक्षा प्रदान गर्ने
- बेरोजगार युवाहरुलाई शिपमुलक शिक्षा दिने
- कर शिक्षाको ज्ञान ब्यवसायीहरु लाई दिने
- कानुनको समान्य ज्ञान दिन गोष्ठीहरु आयोजना गर्ने

**समुदायलाई क्याम्पस प्रति उत्तरदायि बनाउने योजना**

- समग्र समुदायलाई परिचालन गर्ने
- समुदायका अगुवाहरुलाई क्याम्पसको सभासद बन्न अभिप्रेरीत गरी योजना तर्जुमा गर्नमा सहभागी गराउने र दिर्घकालीन लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने
- समाजका सम्पन्न ब्यक्तिहरुलाई गरिब बिद्यार्थी अध्ययनका लागि अक्षयकोष खडा गर्न लगाउने
- सामुदयिक क्याम्पसको महत्वबारे समुदायलाई जानकारी गराउने

**समस्याहरु एवम चुनौतिहरु**

**जनप्रकाश बहुमुखी क्याम्पसका अल्पकालीन चुनौतिहरु**

- विश्वबिद्यालय अनुदान आयोगबाट क्यु.ए.ए. प्राप्त गर्न पहल गर्ने
- विश्वबिद्यालय अनुदान आयोगबाट NEHEP परियोजनामा छनोट भएको छ तर सोहीअनुसार काम गर्न चुनौतीहरु छन ।
- पुस्तकालयलाई ब्यवस्थित गर्न र पर्याप्त पाठ्यपुस्तकहरु ब्यवस्था गर्न
- पर्याप्त प्रशासनिक कक्षहरु निर्माण गर्न
- भविष्यमा यस क्याम्पसमा BTTM,/ BHM जस्ता बिषयहरु संचालन गर्ने सोच भएकोमा आवस्यक पूर्बाधारतयार गर्ने
- क्याम्पसमा पुर्णकालीन प्राध्यापकहरुको संख्या कम भएकोमा आवश्यक संख्यामा शिक्षक कर्मचारी स्थायी गर्न ।

**क्याम्पसका भावी योजनाहरु**

यस क्याम्पसले धेरै चुनौतीहरुको सामना गरिरहेको छ । समय सापेक्ष गुणस्तरीय शिक्षा दिने र आवस्यकता अनुसार थप संकायहरु थप गर्ने योजना क्याम्पसले अंगीकार गरेको छ ।

- जनप्रकाश क्याम्पसलाई बिश्वबिद्यालय अनुदान आयोगबाट उच्च शिक्षा सुधार परियोजना अर्न्तगतको मापदण्डमा रहेर क्याम्पसको रणनीतिक योजना अनुसार कार्यसम्पादन गरी QAA प्राप्तिका लागि आवश्यक कार्यहरु गर्ने
- क्याम्पसका सबै कामहरु समयबद्ध एबं योजनाबद्ध रुपमा गर्ने
- क्याम्पसले रिसर्च जर्नल प्रकाशन कार्यलाई निरन्तरता दिर्दै जाने साथै बिद्यार्थीका प्रतिभालाई उजागर गर्न बिद्यार्थीका लेख, रचना र पत्रिका प्रकाशनलाई निरन्तरता दिने

- दीर्घकालीन विकास र दिगो विकासकालागि आम्दानीका स्रोतहरुको खोजी गरी आयस्रोत बृद्धि गर्ने
- आवश्यकता अनुसार कमजोर बिद्यार्थीहरुलाई अतिरिक्त कक्षा संचालन गरी उनीहरुको अध्यनमा सघाउ पुऱ्याउने
- शिक्षक तथा कर्मचारीहरुको शिप बिकास गर्नकालागि समय सापेक्ष पुर्नताजगी कार्यक्रमहरु संचालन गर्ने
- बिद्यार्थी छात्रबृती कार्यक्रमलाई निरन्तर तथा प्रभावकारी बनाउन बिभिन्न छात्रबृत्ति अक्षयकोषहरु खडागर्ने
- क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई निरन्तर एब प्रभावकारी बनाउनकालागि यसै बर्ष २०७५ देखि गुनासो संकलन तथ समाधानको व्यवस्था गरिएको ।
- क्याम्पसमा पुर्णकालीन शिक्षक तथ कर्मचारीको संख्या बृद्धि गर्दै जाने र करार तथा आंशिक शिक्षक तथा कर्मचारीहरु को संख्या घटाउदै लगिने
- प्रध्यापक कर्मचारीहरुलाई स्थायि, पुर्णकालिन र करार गरिने (स्थायी २५ प्रतिशत, पुर्णकालिन २५ प्रतिशत र करार तथा आंशिक करार ५० प्रतिशत)
- कर्मचारीहरु मध्ये कम्तीमा २ जना स्थायी गर्ने (लेखापाल एक र लाईब्रेरी कर्मचारी एक)
- यस क्याम्पसमा अध्ययन गरिसकेका बिद्यार्थीहरुको तथ्यांक संकलन गरी संजाल तयार गर्ने

## दीर्घकालीन चुनौतिहरु र समाधान गर्ने उपायहरु

### १) क्याम्पसमा सन्चालन गरिने बिषयहरु

यस क्याम्पसमा हाल एक मात्र संकाय संचालनमा रहेको छ । यो संकाय र तहमात्र (BBS) ले क्याम्पसको विकास र बिस्तार नहुने हुँदा भविष्यमा Bachelor in Travel and Tourism Management ( BTTM), Bachelor in Hotel Management (BHM), MBS Semester System आदिको सम्बन्धन त्रि.बि. बाट लिएर क्याम्पस बिकास गर्ने लक्ष्य लिईएको छ । यी बिषयका लागि त्रि. बि. मा आशयपत्र पेशगरी अनुमतिकालागि प्रयास गरिनेछ । आगामी ५ बर्ष भित्रमा यी बिषयहरुको सम्बन्धन अनुमति लिने र कक्षा संचालन गर्ने लक्ष्य लिईएको छ ।

### २) भौतिक संरचना

क्याम्पसले आगामी ५ बर्ष भित्रमा सुबिधा सम्पन्न भवन मा १६ वटा कक्षा कोठालाई प्रशासनिक, अध्यापन गर्न, लाईब्रेरी तथा सभाहलको रुपमा ब्यवस्थित गर्नेछ । यसले पठन पाठनलाई थप सहयोग पुऱ्याउने छ । क्याम्पसमा चमेना गृहलाई ब्यवस्थित गरिने छ र अनुसन्धानकालागि स्थानको ब्यबस्था गरिनेछ । बोरिङ्गको पिउने पानीको ब्यबस्था गरिने छ । खेल मैदानकालागि क्याम्पस परिसर संगै रहेको लेखनाथ रंगशालालाई उपयोगमा ल्याईनेछ । त्यहा रहेको फुटवल ग्राउण्ड, बास्केटबल कोर्ट, ब्याडमिनटन कोर्ट, एथलेटिक्स आदिलाई अधिकतम उपयोग गरिनेछ।

### ३) आर्थिक अवस्था

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सन्चालनमा समेत नियमित आम्दानीको स्रोत पर्याप्त नभएको अवस्थामा क्याम्पस सन्चालनकालागि आवश्यक पर्ने साधन र स्रोत जुटाउनु पर्ने महत्वपूर्ण चुनौती रहेको छ। दातृ निकाय तथा संघसस्थाको खोजी गरी आर्थिक अवश्थालाई सबल बनाउने कार्यमा जोड दिईनेछ।

### ४) शिक्षक कर्मचारी सम्बन्धी व्यवस्था

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीह्रुको उत्प्रेरणा र सन्तुष्टि बिना कार्य सम्पादन प्रभावकारी नहुने हुदा कर्मचारीहरुको बृत्ति बिकासकालागि बिशेष कार्यक्रमहरु अगाडि बढाउनु पर्ने हुनाले प्रध्यापक तथा कर्मचारीहरुलाई पहिले पुर्णकालिन गराउने र त्यस पश्चात स्थायि गराईने नीति लिईनेछ।

### ५) बिद्यार्थी संख्या

क्याम्पस संचालनको प्रमुख आधार भनेका बिद्यार्थी हुन। बिद्यार्थीहरु को संख्यामा बृद्धि गर्नु पर्ने अर्को चुनौती रहेको छ। आगामी १० बर्ष भित्रमा १०१० बिद्यार्थी संख्या पुऱ्याउने रणनितिक कार्यक्रम लिएर क्याम्पसलाई अगाडी बढाईने छ। त्यसकालागि निम्न अनुसारको संकायगत वा तहगत संरचना अनुसार क्याम्पसमा बिद्यार्थीहरुको संख्यात्मक बृद्धि गर्ने लक्ष्य लिईएको छ। क्याम्पसले यसका लागी थप कक्षा कोठा, पुस्तकालय को ब्यबस्था गर्नु पर्ने देखीन्छ।

### क्याम्पसको भावी योजना र संकाय तथा बिद्यार्थीको १२ बर्षे प्रक्षेपण

(MBS, BHM or BTTM आदी बिषयहरु थप गर्ने लक्ष्य रहेको छ)

हाल भैरहेको भवनमा प्रस्तावित होटल ब्यबस्थापन लगायत अन्य कार्यक्रमहरु संचालन गर्न क्याम्पसलाई जग्गा अपुग हुने भएकोले बाहिर उपयुक्त ठाऊमा लालपुर्जा भएको जग्गा खरिद गरिनेछ। यसका लागी रकमको ब्यबस्था क्याम्पस ब्यबस्थापन समितिले मिलाउनेछ।

| Year | Level | MBS Semester | BTTM/BHM Semester | BBS First year | BBS Second year | BBS Third year | BBS Forth year | Total | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 2074 | BBS | | | 103 | 37 | 23 | 27 | 190 | क्याम्पस संचालक समिती२०७७।११।०७ को संचालक समितिको निर्णय बमोजिम आगामी बर्षह्रु मा BBA, BHM, BTTM, MBA, MBS, LLB, BCA आदी संकाय र बिषयहरु थप गर्दै जानो, लेखनाथ क्षेत्रका सामुदायिक क्याम्पस हरुसंग सम्भव भएमा Merger मा जाने, स्वायत्तता प्राप्त क्याम्पसहरु संग सहकार्य गर्ने निर्णय भएको |
| 2075 | BBS | | | 105 | 70 | 30 | 23 | 228 | |
| 2076 | BBS | | | 140 | 75 | 60 | 28 | 303 | |
| 2077 | BBS | | | 150 | 85 | 50 | 25 | 310 | |
| 2078 | BBS | | | 180 | 90 | 60 | 60 | 390 | |
| 2079 | BBS | | | 180 | 100 | 70 | 60 | 410 | |
| 2080 | BBS | MBS | BTTM/BHM | 180 | 120 | 90 | 60 | 450 | |
| 2081 | SEM I | 40 | 40 | 180 | 140 | 100 | 90 | 510 | |
| 2082 | SEM II | 80 | 80 | 180 | 160 | 150 | 120 | 610 | |
| 2083 | SEM III | 120 | 120 | 180 | 160 | 150 | 120 | 610 | |
| 2084 | SEM IV | 160 | 160 | 180 | 160 | 150 | 120 | 610 | |
| 2085 | SEM V | 160 | 200 | 180 | 160 | 150 | 120 | 810 | |
| 2086 | SEM VI | 160 | 240 | 180 | 160 | 150 | 120 | 1010 | |
| 2087 | SEM VII | 160 | 280 | 180 | 160 | 150 | 120 | 1050 | |
| 2088 | SEM VIII | 160 | 320 | 180 | 160 | 150 | 120 | 1090 | |
| | Total | 160 | 320 | 180 | 160 | 150 | 120 | 1090 | |

### ५) गुणस्तर बृद्धि

पठन पाठन लाई समयानुकुल प्रभावकारी र गुणस्तरीय बनाउनकालागि विभिन्न बिधिहरुको प्रयोग गरिनेछ यसले परीक्षाको नतिजामा सकारात्मक प्रतिफल ल्याउनेछ । यसका लागि श्रब्यदृस्य सामग्रीको प्रयोग, ईन्टरनेटमा सबैको पहुच, र आबस्यकता अनुसार थप कक्षा संचालन गरिनेछ। नतिजाको आधारमा प्रध्यापक कर्मचारीहरुलाई पुरस्कार र दण्डको ब्यबस्था गरिनेछ। अनुसन्धानमा रुची राख्ने शिक्षकहरुका लागि लघु अनुसन्धानका कार्यक्रमहरु संचालन गरिनेछ ।

### आर्थक बर्ष २०७९।०८४ को क्याम्पसको रणनैतिक योजना

- QAA प्राप्त क्याम्पसहरुको अवलोकन भ्रमण
- पन्चवर्षीय रणनीतिक योजना विश्वबिद्यालय अनुदान आयोगमा पेश गरिएको
- त्रि.बि.बि. मा BTTM/ BHM, MBS संम्बन्धन अनुमति लिन पहल गरिने
- प्राध्यापकहरुको क्षमता अभिबृद्धि गर्नकालागि गोष्टीहरु आयोजना गरिएको
- सूचनामा पहुच पुऱ्याउनका लागि क्याम्पसको आफ्नो बेभसाईट संचालनमा ल्याईएको
- बिद्यार्थीहरुका गुनासाहरु समाधान गर्नकालागि गुनासो पेटीका राखिएका र त्यसलाई कारबाहीमा ल्याईएको
- क्याम्पसको प्रथम तलाको भौतिक संरचना सम्पन्न गर्ने ।
- उल्लेखीत कार्यहरु गर्नकालागि आ. ब मा बजेट बिनीयोजन गरिएको छ । अनुसुची ।

### क्याम्पसप्रति समुदायको योगदान Society's Contributions for Campus

जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना, संचालन र विकासमा समुदायको महत्वपूर्ण योगदान रहेको छ। कास्की जिल्लाको लेखनाथ क्षेत्रमा यो क्याम्पस पहिलो सामुदायिक क्याम्पस हो । यस क्याम्पसको संचालक समितिको गठन, संचालन र प्रर्बद्धनमा स्थानीय समूदायको महत्वपुर्ण योगदान रहेको छ । समय समयमा यस क्याम्पसलाई आर्थिक सहयोग देखि अन्य सहयोग समुदायले पुऱ्याईरहेको छ । समुदायको यो गदानलाई अडिट रिपोर्टमा पनि उल्लेख गरिएको छ ।

### २.४ अल्पकालीन र दिर्धकालीन चुनौतिहरु

जनप्रकाश बहुमुखी क्याम्पसका विविध क्षेत्रमा देखापरेका समस्या समाधानका उपायहरु तल उल्लेख गरिएको छ ।क्याम्पसले यी समस्याहरु समाधान गर्नकालागि उचित ध्यान दिएर काम गर्नेछ । सबै समस्याहरु एकैपटक समाधान गर्न सकिदैन । प्राथमिकताको आधारमा समस्याहरुको समाधान गरिनेछ।

- क्याम्पसमा हाल संचालित संकायहरुमा विद्यार्थीहरुको आर्कषणमा कम हुनु,
- विदेशी विश्वविद्यालयहरुबाट सम्वन्धन प्राप्त निजी क्याम्पसहरुको अस्वस्था प्रतिस्पर्धा,
- भौतिक संरचना निर्माण तथा शैक्षिक कार्यक्रम विस्तारका लागि प्रर्याप्त आर्थिक जगेडा कोष नहुनु,
- सुविधायुक्त छात्रावासको व्यवस्था गर्न नसकिएको,

**चुनौती न्युनिकरण गर्न अपनाईएका उपायहरु**

- बिद्यार्थीहरुको भर्नालाई आकर्षक बनाउन का लागि भईरहेको BBS कार्यक्रमलाई आन्तरिक सेमेस्टेर मोडलमा लैजाने
- बार्षिक कम्तीमा ३ बटा आन्तरिक परीक्षा संचालन गर्ने
- नयां रोजगार मुलक बिषयहरु संचालनका लागि त्रि बि बि बाट सम्बन्धन लिने
- नतिजाको आधारमा प्राध्यापक कर्मचारीलाई तलब तथा प्रोत्साहनको व्यवस्थागर्ने
- बिद्यार्थीका गुनासो सुन्नका लागि गुनासो पेटीका राख्ने

**भविष्यमा संचालन गरिने बिषयहरु**

क्याम्पसमा हाल सन्चालनमा रहेका बिषयहरुमा बिद्यार्थीहरुको आर्कषण कम भएका कारण कतिपय बिषयहरु विद्यार्थीसंख्या कम भएर आगामी दिनमा संचालन गर्न नसकिने चुनौतीहरु रहेका छन । यसकालागि मुख्यतया पर्यटकीय नगरी पोखरा, लेखनाथ लगायत कास्कीको पूर्वी क्षेत्र, लमजुङ्ग, तनहु, स्याङ्गजा आदि दिनमा पेशागत र प्राबिधिक खालका विषयहरु थप गर्ने प्रयास गरिनेछ। आगामी ५ बर्ष भित्रमा स्नात्तक तहका कम्तीमा एक, स्नात्तकोत्तर तह एक संकाय संचालन गरिनेछ।

**भौतिक संरचना**

बर्तमान अवस्थामा यस जनप्रकाश बहुमुखी क्याम्पसको निर्माणाधिन भवनको अपुरो संरचनालाई पुर्णता दिईन्छि। दोस्रो तलामा ४ वटा कक्षा कोठाहरु थप गरिने छ। एक कम्पुटर प्रोजेक्टर जडान गरिएको आधुनिक खालको लाईब्रेरी र आवश्यक प्रशासनिक निकायको ब्यवस्था गरिनेछ। क्याम्पस UGC को NEHEP परियोजनामा छनोट भएको, क्याम्पसको आन्तरिक स्रोत, जनसहभागिता, स्थानीय सरकारको सहयोग लिएर भौतिक निर्माणका बाँकी कामहरु गरिनेछ। पहिलो ५ बर्षमा क्याम्पसमा रणनितिक योजना अन्तर्गत सुबिधा सम्पन्न कक्षा कोठाहरुको निर्माणलाई ध्यान दिइनेछ। चमेनागृह, पुस्तकालय, ल्याब, निर्माणकार्य सम्पन्न गर्नकालागि आवश्यक रकमको ब्यवस्था गरिनेछ। यस बर्ष वडा कार्यलय पोखरा महानगरपालिका वडानं २९ ले केही रकम क्याम्पसको मर्मत तथा सम्भारमा बिनियोजन गरेको हुदा क्याम्पसको भुई तला बाट प्रथमतलामा जाने भऱ्याङ्गमा मार्वल वा अन्यकार्यगरी सुन्दर बनाईने छ। हाल सो रकम चारलाख बराबर भएको बुझिएको छ। यसै बर्ष पार्किङ्गको ब्यबस्था गरिनेछ।

**आर्थिक अवस्था**

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनमा समेत नियमित आम्दानीको स्रोत पर्याप्त नभएको अबस्थामा क्याम्पस संचालनका लागि आवस्यक पर्ने साधन र स्रोत जुटाउनु पर्ने महत्वपुर्ण चुनौती रहेको छ। तसर्थ सरोकारवालाहरुसंग सहकार्य गरी अर्थिक सहयोगको कार्यलाई मजबुत बनाउदै अन्य दातृ निकाय एवम संघसस्थाको खोजी गरी आर्थिक अवस्थालाई सबल बनाउने कार्यमा जोड दिईनेछ।

| Janaprakash Multiple Campus Pokhara 29, Bhandardhik kaski<br>Annual Proposed Budget Fiscal year 2081/082 | | | |
|---|---|---|---|
